सबैका लागि शिक्षा : समृद्धिको आधार

# शिक्षा अधिकार कार्यान्वयनका लागि

# स्थानीय सरकार सहयोगी पुस्तिका



सबैका लागि शिक्षा : समृद्धिको आधार

# शिक्षा अधिकार कार्यान्वयनका लागि

# स्थानीय सरकार सहयोगी पुस्तिका

**प्रकाशक**

लू निभाः बाल सरोकार समूह

ललितपुर, नेपाल

(इन्टरपेडिया तथा फिनल्याण्ड सरकारको सहयोगमा प्रकाशित)

**लेखन तथा सम्पादन** : श्री मिलन राज धरेल

**प्रकाशन संयोजनः** श्री कृष्ण गोविन्द महर्जन

**प्रकाशन प्रति** : ५०० प्रति

**ले आउट तथा आवरण पृष्ठ डिजाइन** : पेश क्रियशन

**प्रकाशन वर्ष** : २०१९

**सर्वाधिकारः** @ Loo Niva, 2019

**प्रकाशकः**

**लू निभाः बाल सरोकार समूह, ललितपुर**

**प्रकाशन सहयोगः**

**फिनल्याण्ड बिदेश मामला मन्त्रालय, फिनल्याण्ड**

**ईन्टरपेडिया फिनल्याण्ड**

# प्रकाशकीय

नेपालमा स्थानीय तहको सरकारको शिक्षा सम्बन्धी नीति निर्माण, योजना तर्जुमा शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमनको लागि ७५३ वटा गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाको गठन गरी सबै तहलाई शिक्षा सम्बन्धी काम, कतर्व्य र अधिकारको व्यवस्था गरिएको छ। नेपालको संविधानमा मौलिक हकको रुपमा शिक्षालाई अंगीकार गरिएको छ । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चित गरिएको छ। ती संवैधानिक हकहरुको कार्यान्वयन गर्न स्थानीय कानुन निर्माण गरी लागु गर्नु प्रत्येक स्थानीय सरकारको जिम्मेवारी रहेको छ।

नेपालको संविधानको अनुसूचीहरुमा शिक्षा सम्बन्धी व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई शिक्षाको अधिकारको बाँडफाँड गरिएको छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रम संख्या नं ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । नेपालको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकारहरु उल्लेख गरिएको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । तर पनि स्थानीय सरकारलाई शिक्षा अधिकारको प्रभावकारी कार्यान्वयन, शिक्षा योजना निर्माण, अनुगमन र मूल्याङ्कन आदि कार्य गर्नका लागि प्रष्ट नीति निर्देशिका, कार्यविधि र सहयोगी पुस्तकको अभावले गर्दा सोचे अनुसार कार्य गर्न सकेका छैन। यही कुरालाई मध्यनजर गर्दै लू निभाः बाल सरोकार समूहको प्रयासमा शिक्षा अधिकार कार्यान्वनका लागि स्थानीय सरकार सहयोगी नामक हाते पुस्तिका प्रकाशन गरिएको छ।

यस  पुस्तिका प्रकाशनका लागि लेखन तथा सम्पादनमा सहयोग गर्नुहुने श्री मिलन राज धरेल, प्रकाशन संयोजन गर्ने लू निभाःका कार्यक्रम संयोजक श्री कृष्ण गोविन्द महर्जन र आर्थिक सहयोग प्रदान गर्ने साँझेदारी संस्था विदेश मामला मन्त्रालय फिन्ल्याण्ड र इन्टरपेडिया फिन्ल्याण्डलाई हार्दिक आभार व्यक्त गर्दछौं । साथै प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

आशा छ यस पुस्तिकाले स्थानीय तहमा शिक्षा अधिकारलाई कार्यान्वयन गर्नका लागि सहयोग मिल्नेछ र सम्पूर्ण बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चित गर्नमा सहयोग हुनेछ । यस पुस्तिकाको अध्ययन र प्रयोग पश्चात प्रतिक्रिया सुझाव, सल्लाह भएमा लू निभाः बाल सरोकार समूह संस्थामा पठाई सहयोग गर्न हुन अपेक्षा गरिएको छ ।

**नरेन्द्र डंगोल**
कार्यकारी निर्देशक
लू निभाः बाल सरोकार समूह

# विषय सूची

**पाठ १ : शिक्षा अधिकार**

क) शिक्षा अधिकार **१**

ख) शिक्षा अधिकारका प्रमुख पक्षहरु **३**

ग) उपभोग्यता **७**

घ) नेपालमा शिक्षा अधिकारको अवस्था **९**

**पाठ २ :शिक्षा अधिकार सम्बन्धी नीतिगत व्यवस्था**

१. नेपालको संविधान २०७२ ले गरेका शिक्षा अधिकारका व्यवस्थाहरु **११**

२. अन्तर्राष्ट्रिय मापदण्ड तथा प्रतिवद्धता **१३**

३. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनको व्यवस्था **१६**

४. नेपालको १५ औं आवधिक योजनाको आधारपत्रमा उल्लेखित शिक्षा सम्बन्धी व्यवस्था **१८**

५. दिगो विकास लक्ष्य कार्यान्वयन मार्गचित्र अन्तर्गतको प्रतिवद्धता **१८**

**पाठ ३ : स्थानीय तहमा शिक्षा अधिकार**

क) स्थानीय सरकारको जिम्मेवारी **२१**

ख) स्थानीय तहको कार्य विभाजन **२३**

ग) स्थानीय तहले शिक्षा अधिकारका लागि गर्न सक्ने व्यवहारिक कार्यहरु **२७**

**अनुसुची**

१. शिक्षा अधिकार सम्बन्धी ऐन **३१**

२. १५ औं योजनाको शिक्षा सम्बन्धी कार्यक्रमहरु **४७**

३. स्थानीय तहले अवलम्बन गर्न सक्ने अनिवार्य शिक्षा सम्बन्धी नीति नमुना) **६१**

४. राष्ट्रिय शिक्षा नीति २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षाको बारेमा गरेका मुख्य व्यवस्थाहरुको सूची **८३**

# पाठ १ :

# शिक्षा अधिकार

## क) शिक्षा अधिकार

शिक्षा मानव जीवनको एक अपरिहार्य पक्ष हो । शिक्षाले मानिसलाई सक्षम, सवल र सभ्य बनाउँदछ । शिक्षाले नै रोजगारीका अवसरहरु सृजना गर्दछ भने मानिसलाई नैतिकवान र असल नागरिक पनि बनाउन सहयोग पुऱ्याउँदछ । शिक्षा बिना मानिसको जीवन अत्यन्तै जोखिमपूर्ण हुन सक्दछ । त्यसैले शिक्षा केवल एक सुविधा वा बजारमा उपलब्ध सेवा होइन । शिक्षा मानिसको नैसर्गिक अधिकार हो ।

शिक्षा औपचारिक वा अनौपचारिक दुबै हुन सक्छ । युनेस्को (२०१२) ले गरेको परिभाषा अनुसार ***"औपचारिक शिक्षा भन्नाले संस्थागत ढंगले, योजनाबद्ध र सिकाइ उपलब्धिका अपेक्षासहित सार्वजनिक निकाय वा दर्ता भएका निजी निकायबाट गरिने शिक्षण सिकाइका अभ्यासहरु हुन् । औपचारिक शिक्षा प्रणालीको प्रारुप, प्रक्रिया, मुल्याङ्कन तथा प्रशासन आदि राज्यले तोकिएको नियम कानुन अनुरुप हुनुपर्दछ ।"*** यस अर्थमा विद्यालय, विश्वविद्यालय, धार्मिक विद्यालय, तालिम तथा प्रशिक्षण केन्द्र वा अन्य अनुमति प्राप्त संस्थागत निकायबाट गरिनै शैक्षिक गतिविधि औपचारिक शिक्षा हो ।

तर, हामी अनौपचारिक शिक्षा पनि प्राप्त गरिरहेका हुन्छौं । आम रुपमा जीवनका भोगाइ, सामाजिक एवं साँस्कृतिक क्रियाकलाप, परम्परा, अभिभावकका अर्ती उपदेशहरु, साथीसँगत आदिबाट लिइने सिकाइ पनि शिक्षा नै हुन् । यीनलाई चलन चल्तीमा जीवन शिक्षाको रुपमा लिन सकिन्छ ।

शिक्षा प्रणाली अन्तर्गत अनौपचारिक शिक्षालाई एक फरक शिक्षण सिकाइ अभ्यासका रुपमा परिभाषित गरिएको छ । युनेस्कोले गरेको परिभाषा अनुसारः

*"शैक्षिक प्रशासनका दृष्टिमा अनौपचारिक शिक्षा भन्नाले संस्थागत रुपमा योजनाबद्ध ढंगले निश्चित सिकाइ उपलब्धि हाँसिल गर्न औपचारिक शिक्षाका लागि थप सहयोगी शैक्षिक कार्यक्रमहरु नै अनौपचारिक शिक्षा हुन् । सामान्य अर्थमा प्रौढ शिक्षा, अनौपचारिक बाल शिक्षा, सिकाइ शिविर, कन्डेस्ड कक्षाहरु तथा गृहीणी शिक्षाहरु अनौपचारिक शिक्षा हुन् ।"*

शिक्षालाई मानव अधिकारका रुपमा स्वीकार गरिरहँदा माथि उल्लेखित औपचारिक र अनौपचारिक दुबै शिक्षालाई नैसर्गिक अधिकारको रुपमा यहाँ छलफल गरिएको छ । शिक्षा अधिकारलाई मानव अधिकारको रुपमा सामान्य भाषामा निम्न बुँदामा बुझ्न सकिन्छ :

- *सबैका लागि शिक्षाको पहुँच, उपयोग, सुरक्षित र सहज शैक्षिक वातावरण, शैक्षिक सामग्री, पूर्वाधार तथा जनशक्ति राज्यको कानुन तथा नियमले सुनिश्चित गरेको हुनुपर्दछ ।*
- *शिक्षाको पहुँच, उपयुक्त शैक्षिक वातावरण, शैक्षिक सामग्री, पूर्वाधार तथा जनशक्ति उपलब्ध गराउने मुल दायित्व सरकारको हो ।*
- *कानुनमा उल्लेखित शिक्षाको अधिकार हनन् वा उल्लंघन भएमा उजुरी गर्ने र सरकारले त्यसको सम्बोधन गर्ने व्यवस्था कानुनमै सुनिश्चित गरिएको हुनुपर्दछ ।*

मानव अधिकारका दृष्टिले शिक्षा अधिकारको सन्दर्भमा राज्यकै मुलतः ४ वटा दायित्वहरु रहन्छन् :

### *१. सम्मानको दायित्व :*

मानिसको शिक्षाको अधिकार सुनिश्चित गर्न तथा शैक्षिक अवसरहरुबाट सम्भावित बन्चितीकरण रोक्नका लागि अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरु, देशको संविधान अनुरुपको नियम, नीति तथा कानुन र कार्यक्रमहरुको व्यवस्था ।

### २. *संरक्षणको दायित्व :*

राज्यको कानुन विपरित जो कोही पनि शिक्षाका अवसरहरुबाट बन्चित बनाइएको अवस्थामा वा कुनै निजी व्यवसायी, व्यक्ति वा राज्यका कर्मचारीले बालबालिका वा शिक्षाका उपयोगकर्तालाई बहिस्करणमा राखेको वा राख्न सक्ने जोखिम रहेमा विधिवत ढंगले राज्यका तर्फबाट हस्तक्षेप गर्न अनुगमन, उजुरी र सुनवाइको व्यवस्था र प्रभावकारी परिचालन ।

### ३. *परिपूर्तीको दायित्व :*

मानिसहरुलाई शैक्षिक अवसरहरुमा पहुँच र उपयोगको सुनिश्चितताका लागि आवश्यकता अनुसार राज्यका तर्फबाट शैक्षिक संरचना, सामग्री, मानवीय श्रोत तथा आर्थिक लगानी ।

### ४. *प्रवर्द्धनको दायित्व :*

आम मानिसहरु माझ शिक्षाको महत्व, जीवनमा उपयोगिता, राज्यबाट उपलब्ध शैक्षिक सुविधाहरुको बारेमा प्रचार प्रसार, बालबालिकाहरुको आधारभूत शिक्षाका लागि अभिभावक सचेतना, सुरक्षित, जिम्मेवार र उत्तरदायी शैक्षिक सुशासनका लागि शैक्षिक निकायहरुको क्षमता अभिवृद्धि, शैक्षिक अवसरमा अवरोध उत्पन्न गर्ने परम्परागत मान्यताहरुको रुपान्तरणका लागि सचेतना तथा सामुदायिक अभियानहरु सञ्चालन गर्न राज्यको नीतिगत तथा कार्यक्रमिक व्यवस्थाहरुको कार्यान्वयन ।

## ख) शिक्षा अधिकारका प्रमुख पक्षहरू

शिक्षा अधिकारको व्यवहारिक कार्यान्वयनका लागि संयुक्त राष्ट्र संघ आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार समितिले आफ्नो सामान्य टिप्पणी १३ मा निम्न ४ पक्षहरुको सुनिश्चिततालाई आधारभूत पक्षको रुपमा लिएको छ :

१) **उपलब्धता**

राज्यले आफ्नो क्षेत्रभित्र बसोबास गरिरहेका विद्यालय जाने उमेरका सबै बालबालिकाको लागि आवश्यकता अनुसार पर्याप्त शैक्षिक संरचना, सामग्री र बजेटको लगानी गरेको हुनुपर्दछ । सबैका लागि शिक्षा सम्मेलनले शिक्षामा राज्यको वार्षिक बजेटको औसत २० प्रतिशत लगानी हुनुपर्ने औल्याएको छ । नेपालले शिक्षा क्षेत्रमा राज्यको वार्षिक बजेटको २० प्रतिशत लगानी सन् २०२५ सम्ममा सुनिश्चित गर्ने प्रतिवद्धता पनि व्यक्त गरेको छ । उपलब्धतालाई सामान्यतया निम्न सूचकहरुका आधारमा हेर्न सकिन्छ :

- विद्यालय जाने उमेरका बालबालिकाको संख्याका आधारमा निःशुल्क सार्वजनिक विद्यालयको उपलब्धता ।
- विद्यालयमा विद्यार्थी संख्याका आधारमा मापदण्ड पुरा गरेका सुरक्षित भवन, खेल मैदान, कक्षा कोठा तथा फर्निचर र उपकरणहरु ।
- विद्यालयमा विद्यार्थी संख्याका आधारमा कक्षागत तथा विषयगत शिक्षकको उपलब्धता, दरबन्दी ।
- विद्यार्थीहरुका लागि निःशुल्क पाठ्य पुस्तक, सन्दर्भ शिक्षण सामग्री, सन्दर्भ पुस्तकहरु सहितको पुस्तकालय ।
- गरीब तथा जोखिममा रहेका बालबालिकाका लागि विद्यालय तथा स्थानीय सरकारका तर्फबाट शैक्षिक सामग्री, पोशाक र खाजा सहितको छात्रवृत्ती ।
- प्राथमिक तह तथा प्रारम्भिक बाल विकासका बालबालिकाका लागि निःशुल्क, पोषिलो र सफा खाना वा खाजाको व्यवस्था ।
- अपाङ्गता भएका विद्यार्थीहरुका लागि समाहित शिक्षा प्रणाली वा बहुअपाङ्गता वा विशिष्ट अपाङ्गता भएकाहरुका लागि विशेष विद्यालयको उपलब्धता ।
- विद्यार्थीहरुका लागि आवश्यकता अनुसार, उमेर, लिंग, शारीरिक अवस्था र भौगोलिक विशीष्टतामा आधारित खेल सामग्रीहरु ।
- विद्यार्थीहरुका लागि विज्ञान प्रयोगशाला तथा कम्प्युटर कक्षा पढाइ हुने स्थानमा कम्प्युटर कक्षाको अभ्यास कक्ष ।

- विद्यार्थीहरुका लागि प्रयोगात्मक कृषि तथा अध्ययन प्राविधिक शिक्षा, प्रयोगात्मक व्यवसायिक कक्षाको प्रयोगात्मक सिकाइ गर्न आवश्यक जमिन, भवन तथा सामग्री र उपकरणहरु ।
- विद्यार्थी र शिक्षक प्रशासक एवं आगन्तुकहरुका लागि पर्याप्त पानी सहितको सफा शौचालय, सफा र सुरक्षित पिउने पानी, किशोरीहरुका लागि विद्यालयमै महिनावारी भएको अवस्थामा निःशुल्क स्यनिटरी प्याड, प्राथमिक उपचारका सामग्री, फोहोर व्यवस्थापन गर्ने उपयुक्त स्थलको व्यवस्था ।

२) **पहुँच**

आफ्नो क्षेत्रभित्र बसोबास गरिरहेका विद्यालय जाने उमेरका सबै बालबालिकाहरुको शैक्षिक अवसरको उपयोगको सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नु नै पहुँचको सुनिश्चितता गर्नु हो । पहुँचको सुनिश्चितता अन्तर्गत विभिन्न आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक एवं भौगोलिक एवं प्राकृतिक एवं मानवीय कारणहरुले बालबालिकाको निरन्तर शैक्षिक अवसरको उपयोगमा आउन सक्ने सम्भावित अवरोधहरुलाई हटाउन गरिने विविध व्यवस्थापनहरु पर्दछन् । पहुँचको सुनिश्चितताका लागि निम्न सूचकहरुलाई कार्यान्वयन गर्न सकिन्छ :

- विद्यालयमा कुनै पनि बहानामा शुल्क लिन नपाइने व्यवस्थाको प्रभावकारी कार्यान्वयन ।
- विद्यार्थीहरुलाई निःशुल्क पाठ्य पुस्तकको वितरण, नियमित हाजिरी तथा लामो समय अनुपस्थित विद्यार्थीको खोजी र अनुगमन ।
- विद्यालय छाडेका बालबालिकालाई पुन प्रवेश गराउन सहयोगी शिक्षण सिकाइका कार्यक्रमहरु तथा शैक्षिकवृत्ती, छात्रवृत्ती लगायत सामाजिक सुरक्षाका कार्यक्रमहरु लागु गरिएको ।
- विद्यालयमा विभेद, हिंसा, दुर्व्यवहार तथा शारिरिक दण्ड सजायलाई पूर्ण निषेधित र दण्डनीय बनाइएको ।
- विद्यालयका भौतिक पुर्वाधारहरु, फर्निचर तथा उपकरण बालिका मैत्री र अपाङ्गता मैत्री बनाइएको ।

- गरिब तथा जोखिममा रहेका बालबालिकाका लागि विद्यालय तथा स्थानीय सरकारका तर्फबाट शैक्षिक सामग्री, पोशाक र खाजा सहितको छात्रवृत्ती ।
- मर्जरका कारण विद्यालय भन्दा टाढा हुन सक्ने बालबालिकाका लागि आवासीय वा वैकल्पिक शिक्षण सुविधाको उपलब्धता ।
- विद्यालयको विद्यार्थी सिट क्षमता, शिक्षण सिकाइ क्षमता नभएको अवस्थामा बाहेक कुनै पनि बहानामा विद्यार्थी भर्ना लिन अस्वीकार गर्न नपाइने व्यवस्था र कार्यान्वयन ।
- शुल्क वा चन्दा सहयोग नदिएका कारण परीक्षामा सहभागि हुन, परीक्षाको परिणाम प्राप्त गर्न रोक्न नपाइने व्यवस्था ।
- विद्यालयमा राजनीतिक, साम्प्रदायिक द्वन्द्व, साँस्कृतिक, धार्मिक, पारिवारिक, सामुदायिक वा सार्वजनिक कार्यक्रमहरु राखेका कारण विद्यालयको पठन पाठन अवरुद्ध गर्न नपाइने व्यवस्थाको कार्यान्वयन ।
- विपदका समयमा पनि वैकल्पिक उपायहरुको प्रयोग गरी पठन पाठनलाई निरन्तरता दिने, विपद प्रभावित बालबालिकालाई पोशाक, पाठ्यपुस्तक तथा अध्ययन सामग्रीहरु निःशुल्क उपलब्ध गराउने ।

### ३) **स्वीकार्यता**

शिक्षा अधिकार व्यवहारिक कार्यान्वयनको अर्को महत्वपूर्ण पक्ष स्वीकार्यता हो । स्वीकार्यता भन्नाले शैक्षिक प्रणाली तथा शैक्षिक पाठ्यक्रम र विषयहरुको स्थानीय समुदाय र बालबालिकाहरु माझ सहज स्वीकार्यता हो । विविधतापूर्ण समाज तथा बहुलबादी राजनीतिक एवं शासन प्रणाली भएका स्थानहरुमा स्वीकार्यताको पक्षलाई अझ बढी ध्यान दिइनुपर्दछ । सबै पक्षको समावेशीता, सम सम्मान तथा विभेदरहिततायुक्त शिक्षा प्रणालीले नै समाजमा शान्ति, समभाव र लोकतान्त्रिक नागरिक सभ्यताको विकास गर्न सक्दछ ।

समुदायमा निश्चित समूह तथा वर्गमाथी विभेद भएका, निश्चित जात धर्मप्रति घृणा र हेय जगाउने, समुदायका आस्थाको विपरित वा स्वीकार

नगरेका विषय तथा पाठ्यक्रमहरु जतिसुकै राम्रो पढाए पनि उपयोगी हुँदैन । अझ समाजका साँस्कृतिक, राजनीतिक परिवेशभन्दा विपरित विषय र प्रणाली भएमा त्यसले द्वन्द्व पनि निम्त्याउन सक्दछ । तर यदि शैक्षिक पाठ्यक्रमहरुले बहुलबाद, लोकतन्त्र, मानव अधिकार, शान्ति, अहिंसा, भेदभाव तथा गरिबी विरुद्ध, बैज्ञानिक, अन्धविश्वास तथा सामाजिक साँस्कृतिक कुरीति विरुद्धका विषयहरु सिकाउँदछ भने त्यसले तत्कालिन समुदायमा केही समयमा लागि अन्तरविरोध उत्पन्न गरे पनि अन्तत सामाज र व्यक्तिलाई सहि मार्गनिर्देश नै गर्दछ, तसर्थ यस्ता विषयहरु शुरुवात स्वीकार्यतामा केही समस्या देखिए पनि राज्यको संविधान अनुरुप रहेसम्म लागु गर्न सकिन्छ । स्वीकार्यताको अवस्थालाई निम्न अवस्थाहरुले प्रतिविम्बन गर्दछ :

- स्थानीय धर्म, भाषा, संस्कृति, जातजातीप्रति सम्मान प्रकट गर्ने र विविधतालाई समस्थान दिने ।
- सामाजिक कुरीति तथा परम्परागत गलत अभ्यासहरुलाई परिमार्जन गर्ने, सुधार गर्ने ।
- बालबालिकाहरु माझ नागरिक चेतना तथा कर्तब्य र अधिकारका पाठहरु सिकाउने ।
- सबै क्षमता र समुदायका बालबालिकालाई सम्मान अभिव्यक्त गर्ने र गर्न सिकाउने ।
- अभिभावकहरु माझ स्वतन्त्र छनौटका अवसरहरु प्रदान गर्न विविध शैक्षिक सुविधाहरु उपलब्ध भएको ।

### ग) उपभोग्यता

शिक्षाले मानिसलाई अवसरहरुको उपयोग गर्न सक्ने, स्वतन्त्र जीवन बिताउन सक्ने तथा सिकेका कुराहरु व्यवहारिक जीवनमा उपयोग गर्न सक्ने बनाउन पर्दछ । शिक्षाले श्रम, उत्पादन, सामाजिक सद्भाव, नागरिक कर्तब्यको अभ्यास गर्नका लागि विद्यार्थीहरुलाई सक्षम बनाउनुपर्दछ । यदि सिकेका विषय, सीपहरु व्यवहारिक जीवनमा उत्पादनमूलक, श्रममुखी तथा लोकतन्त्र

र नागरिक कर्तव्यमूलक भएनन् भने त्यस्ता शिक्षाले समाजमा कमजोर नागरिकहरु उत्पादन गर्दछ र शिक्षाप्रति वितृष्णा पैदा गर्दछ। तसर्थ शिक्षाका विषयहरु : पाठ्यक्रम, पाठ्यपुस्तक, विषयहरु, श्रोत साधनहरु स्थानीय रुपमा उपलब्ध हुन सक्ने, उपयोग गर्न सक्ने हुन जरुरी छ। उपभोग्यतालाई निम्न सूचकहरुमा हेर्न सकिन्छ :

- उमेर, जाती, भाषिक समुदाय, भूगोल र समाजको धार्मिक, ऐतिहाँसिक पृष्ठभूमी अनुरुप पाठ्यक्रम, पुस्तक तथा विषयहरु समावेश गरिएको ।
- बालबालिकाहरुलाई श्रम तथा उत्पादन प्रक्रियाप्रति आकर्षित गर्ने, सम्मान गर्न सिकाउने विषय, शिक्षण शैली तथा अभ्यासहरु व्यवस्था गरिएको ।
- बालबालिकाहरुलाई नागरिक अधिकार, राज्यको शासन प्रणाली, स्थानीय क्षेत्रमा उपलब्ध सेवा प्रदायक निकायहरु, सरकारसँग सहकार्य, सम्पर्क र सेवा लिन प्रेरित गर्ने ।
- स्थानीय बजार, धार्मिक क्षेत्र, ऐतिहाँसिक व्यक्तित्व तथा स्थलहरुप्रति गौरवान्वित हुन र त्यसको बारेमा बुझ्न, जान्न तथा त्यसलाई उपयोग गर्न सक्षम बनाउने ।

## संक्षेपमा

शिक्षा अधिकार भन्नाले प्रचलित कानुन तथा मानव अधिकारका विश्वव्यापी मान्यताहरुको आधारमा सबै व्यक्तिहरुले शिक्षामा पहुँच, शैक्षिक अवसर तथा सामग्रीहरुको उपलब्धता, उपयुक्त ज्ञान र सीपको वितरण तथा सुपथ र सर्वसुलभ रुपमा शिक्षा प्राप्त गर्ने कुराको सुनिश्चितता हो ।

**शिक्षा अधिकारको दृष्टिले** आधारभूत र प्राथमिक शिक्षा अनिवार्य र पूर्ण निःशुल्क तथा शैक्षिक ज्ञान र सीपहरु नैतिक, आर्थिक, नागरिक व्यक्तित्व विकासका लागि तथा सहनशिलता र मित्रता प्रवर्द्धनतर्फ प्रेरित रहनु पर्दछ भन्ने मान्यता लिइन्छ ।

## घ) नेपालमा शिक्षा अधिकारको अवस्था

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क र उच्च शिक्षालाई सर्वसुलभ बनाउने नीति लिएको छ । आर्थिक विपन्न तथा अपाङ्गता भएका नागरिकहरुलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षाको व्यवस्था गरेको छ । मातृभाषामा शिक्षा पाउने हकलाई संवैधानिक रुपमा सुरक्षित गरेको छ । संविधानको मौलिक हकमा उल्लेखित शिक्षा सम्बन्धी हकलाई व्यवहारिक कार्यान्वयन गर्नका लागि नेपाल सरकारले अनिवार्य र निःशुल्क शिक्षाको हक सम्बन्धी संघीय कानुन निर्माण गरी लागु गरेको छ । शिक्षालाई प्राविधिक, व्यवसायमूलक, सीपमूलक तथा रोजगारमूलक बनाउने राज्यको नीति रहेको छ । शिक्षामा राज्यको लगानी बढाउँदै परिवार र व्यक्तिले आधारभूत तथा माध्यमिक शिक्षामा गर्ने खर्चलाई घटाउँदै लैजाने नीति लिएको छ ।

नेपालको शैक्षिक तथ्याङ्कहरुलाई हेर्ने हो भने शिक्षा मन्त्रालयबाट प्राप्त श्रोत अनुसार आ.व. २०७४।७५ को अन्त्यसम्ममा १५ वर्ष भन्दा माथी उमेरका नागरिकहरुमा साक्षरता दर ५८ प्रतिशत रहेको छ । १५ देखि २४ प्रतिशत उमेर समूहको साक्षरता दर ८५ प्रतिशत पुगिसकेको छ । पुर्व प्राथमिक तहमा कुल भर्नादर ८४.१ प्रतिशत पुगेको छ । बाल विकास तथा पुर्वप्राथमिक कक्षाहरुमा भर्ना भई कक्षा १ भर्ना हुने बालबालिकाको संख्या ६६.३ प्रतिशत पुगिसकेको छ ।

कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२ प्रतिशत रहेको छ भने कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ९२.३ प्रतिशत रहेको छ तर कक्षा ९ देखि १२ को खुद भर्नादर ४३.९ प्रतिशत मात्र रहेको छ । यसरी हेर्ने हो भने आधाभन्दा बढी बालबालिकाहरु कक्षा ८ देखि माथी पढ्न पाइरहेका छैनन् । वा कक्षा १ मा भर्ना भएका ९७ जना बालबालिकामध्ये कक्षा ९ पुग्दा ४४ जनामात्र विद्यालय निरन्तर आउँछन, बाँकी बालबालिका बीचैबाट हराउने गर्दछन् ।

राष्ट्रिय योजना आयोगले तयार गरेको १५ औं आवधिक योजनाको आधारपत्रमा उल्लेख भए अनुसार नेपालको शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु लक्षित समुदायका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन अत्यन्तै कठिन भइरहेको छ, विद्यालयमा क्षेत्रगत तथा विषयगत शिक्षकहरुको उपलब्धता कम रहेको छ, विद्यालयमा राज्यको लगानी पर्याप्त बनाउन सकिएको छैन । यसका साथै नागरिक अभियानहरुले गरेका अध्ययन अनुसन्धानहरुमा विद्यालय शिक्षाका लागि अभिभावकले गर्ने निजी खर्च बढ्दो छ, निजी विद्यालयहरुको मनपरी शुल्क तथा व्यवस्था, विद्यालयमा हुने भेदभाव, पाठ्यपुस्तकको अभाव, प्राविधिक शिक्षाको अवसरको कमी, संघीय सरकारको निरन्तर घट्दो लगानी, विद्यालयमा हुने राजनीतिक हस्तक्षेप आदि प्रमुख रहेका छन् ।

## पाठ २ :

# शिक्षा अधिकार सम्बन्धी नीतिगत व्यवस्था

लोकतान्त्रिक गणतन्त्र संघीय नेपालको संविधान २०७२ पश्चात नेपालले शिक्षा अधिकारलाई संवैधानिक र कानुनी रुपमा मौलिक हकको रुपमा स्वीकार गरेको छ । यस अर्थमा नेपालले शिक्षाको हकलाई संविधानको मौलिक हक, राज्यका नीति तथा विशिष्ट कानुन र राष्ट्रिय शिक्षा नीति २०७६ मार्फत सुरक्षित गरेको पाइन्छ । त्यसैगरी राज्यको १५औं आवधिक योजनामा पनि शिक्षाको अधिकार कार्यान्वयनका लागि दिगो लक्ष्य, विशिष्ट उद्देश्य तथा राज्यका नीति तथा कार्यक्रमहरुको व्यवस्था गरिएको छ ।

### १. नेपालको संविधान २०७२ ले गरेका शिक्षा अधिकारका व्यवस्थाहरू:

**भाग ३ : मौलिक हक अन्तर्गत**

- ***धारा १८ (३) समानताको हक :*** राज्यले जाती धर्म, लिंग, वर्ण, शारीरिक अपाङ्गता, वैवाहिक स्थिति, स्वास्थ्य, भाषा, क्षेत्र वा अन्य कुनै आधारमा भेदभाव गर्नेछैन । तर सामाजिक वा साँस्कृतिक दृष्टिले पछाडी पारिएका समूहका लागि विशेष व्यवस्था गर्न सक्नेछ ।
- ***धारा ३१ शिक्षा सम्बन्धी हक :***
  - प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा
  - माध्यमिक तहसम्म निःशुल्क शिक्षा
  - अपाङ्गता भएका र विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षाको हक
  - बहिरा, दृष्टिविहिन, स्वर, बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई ब्रेल तथा सांकेतिक भाषामा कानुन बमोजिम निःशुल्क शिक्षाको हक
  - नेपाल भित्र बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा कानुन बमोजिम शिक्षा पाउनै, शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक

- ***धारा ३८ (५) महिलाको हक :*** महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा जस्तो सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक ।
- ***धारा ३९ बालबालिकाको हक :***
  - प्रत्येक बालबालिकालाई आफ्नो परिवार र राज्यबाट शिक्षा ......अवसर प्राप्त गर्ने हक हुनेछ ।
  - प्रत्येक बालबालिका प्रारम्भिक बाल विकासको हक हुनेछ ।
  - कुनै पनि बालबालिकालाई घर विद्यालय .....अन्य स्थानमा शारिरिक, मानसिक वा अन्य यातनापूर्ण सजाय दिन पाइने छैन ।
  - धारा ४० दलितको हक : दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्ती सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
  - धारा ४२ (२) सामाजिक न्यायको हक : आर्थिक रुपले विपन्न र लोपोन्मुख समुदायलाई शिक्षामा विशेष अवसर ।

**भाग ४ : राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत**

- ***धारा ५१ राज्यका नीतिहरु : (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी***
  - (२) शिक्षामा राज्यको लगानी वृद्धि गर्दै लैजाने, निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।
  - (३) उच्च शिक्षालाई सहज, गुणस्तरीय पहुँचयोग्य बनाई क्रमश : निःशुल्क बनाउँदै लैजाने ।
  - (४) सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने ।
- ***निर्देशक सिद्धान्त र नीति सम्बन्धमा भएका प्रगतिको प्रतिवेदन नेपाल सरकारले राष्ट्रपति समक्ष र राष्ट्रपतिले संघीय संसदमा पेश गर्नपर्ने ।***

## २. अन्तर्राष्ट्रिय मापदण्ड तथा प्रतिवद्धता

नेपाल मानव अधिकारका प्रमुख महासन्धिहरुको पक्ष राष्ट्र हो । नेपालको सन्धि ऐन २०४८ अनुसार नेपाल पक्ष राष्ट्र भएका सन्धिहरुको प्रावधान नेपालको कानुन सरह लागु हुने गर्दछन् । तसर्थ नेपाल पक्ष राष्ट भएका मानव अधिकार महासन्धिहरुको व्यवस्था यहाँ उल्लेख गर्नु उपयोगी रहन्छ :

***मानव अधिकारको विश्वव्यापी घोषणापत्र धारा २६***

(१) प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ । कमसेकम प्रारम्भिक र आधारभूत शिक्षा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च शिक्षामा योग्यताको आधारमा सबैको समान पहुँच हुनेछ ।

(२) शिक्षा मानव व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानको सुदृढिकरणतर्फ निर्देशित हुनेछ । यसले सबै राष्ट्र, जाती र धार्मिक समूहहरु बीच साझेदारी, सहिष्णुता र मित्रताको प्रवर्द्धन गर्नेछ र संयुक्त राष्ट्र संघको शान्ति कायम गर्ने प्रयत्नहरुलाई अघि बढाउनेछ ।

(३) आफ्ना सन्ततिलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ ।

**आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १३ :** ***पक्ष राष्ट्रहरुले देहायका कुराहरु स्वीकार गर्छन्:***

***(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई नि:शुल्क उपलब्ध हुनेछ,***

***(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा लगायत विभिन्न रुपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा खासगरी नि:शुल्क शिक्षाको प्रगतिशील अवलम्वनबाट सबैका लागि सामान्यत प्राप्त र पहुँचयोग्य बनाईनेछ ।***

***(ग) सवैका लागि क्षमताका आधारमा हरेक उचित उपाय खासगरी नि:शुल्क शिक्षाको प्रगतिशील अवलम्वनवाट उच्च शिक्षा समान रुपमा पहुँचयोग्य बनाईनेछ,***

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पुरा नगरेका व्यक्तिहरूको लागि यथासंभव मूलभूत शिक्षालाई प्रोत्साहित गरिने र तीव्र पारिनेछ,

(ङ) सबै तहहरूमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रूपमा अवलम्बन गरिने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ ।

बालअधिकार सम्बन्धी महासन्धि १९८९ का प्रावधानहरू (धारा २८ र २९)

धारा २८ १. पक्ष राष्ट्रहरूले बालबालिकाको शिक्षाको अधिकारलाई स्वीकार गर्छन् र प्रगतिशील रूपमा तथा समान अवसरको आधारमा यस अधिकारको प्राप्ति गर्ने उद्देश्यले खासगरी देहायका कार्य गर्नेछन्: (क) प्राथमिक शिक्षालाई अनिवार्य बनाई सबैलाई निःशुल्क उपलब्ध गराउने, (ख) साधारण तथा व्यवसायिक शिक्षा लगायत विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने तथा निःशुल्क शिक्षाको प्रयोग गर्ने र आवश्यक भएमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता समुचित उपायहरू अपनाउने, (ग) उच्च शिक्षालाई प्रत्येक समुचित माध्यमहरूद्वारा क्षमताको आधारमा सबैको निम्ति पहुँचयोग्य बनाउने, (घ) शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन सम्पूर्ण बालबालिकाहरूलाई उपलब्ध गराउने र पहुँचयोग्य बनाउने, (ङ) विद्यालयहरूमा नियमित हाजिरी प्रोत्साहित गर्न तथा पढाइ छाड्नेहरूको संख्या घटाउने उपायहरू अपनाउने ।

२. बालबालिकाको मानवीय प्रतिष्ठा अनुकूल हुनेगरी र यस महासन्धि अनुरूप विद्यालय अनुशासन कायम गरिएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अपनाउनेछन् ।

३. पक्ष राष्ट्रहरूले शिक्षा सम्बन्धी कुरामा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरता उन्मूलन गर्ने उद्देश्यले र वैज्ञानिक तथा प्राविधिक ज्ञान र आधुनिक शिक्षण तरिकाहरूमा पहुँच सुगम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन् । यस सम्बन्धमा विकासशील देशहरूको आवश्यकतालाई विशेष ध्यान दिइनेछ ।

*धारा २९.१. पक्ष राष्ट्रहरु बालबालिकाको शिक्षा निम्न कुरातर्फ निर्देशित हुनुपर्ने कुरा स्वीकार गर्छन्: (क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक क्षमताको उच्चतम संभाब्य हदसम्मको विकास, (ख) मानव अधिकार र मौलिक स्वतन्त्रताहरु तथा संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लिखित सिद्धान्तहरु प्रतिको आदर भावको विकास, (ग) बालबालिकाको बाबुआमाप्रति, उसको आफ्नो साँस्कृतिक पहिचान, भाषा र मूल्यहरुप्रति, बालबालिका बसेको देशको राष्ट्रिय मूल्यहरुप्रति, निज उत्पत्ति भएको देशप्रति र निजको भन्दा भिन्न सभ्यताहरुप्रतिको आदर भावको विकास, (घ) स्वतन्त्र समाज, सबै जनताहरु, जाती, राष्ट्रिय र धार्मिक समुदायहरु तथा आदिवासी मुलका मानिसहरु बीच समझदारी, शान्ति, सहिष्णुता, लैङ्गिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकाको तयारी, (ङ) प्राकृतिक वातावरणप्रति सम्मान गर्ने भावनाको विकास ।*

*२.यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरुको पालनाको तथा यस्ता संस्थाहरुमा दिइने शिक्षा पक्ष राष्ट्रहरुले निर्धारण गरेको न्यूनतम मापदण्डहरु अनुरुप हुनुपर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरुको स्थापना गरी निर्देशित गर्ने व्यक्ति वा निकायहरुको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको तथा धारा २८ को कुनै पनि अंशको व्याख्या गरिने छैन ।*

***महिलाविरुद्ध हुने सबैखाले भेदभाव निर्मुलन सम्बन्धी महासन्धि १९७९ धारा १० :*** शिक्षा क्षेत्रमा हुने सबैखाले लैंगिक विभेदका अभ्यासको अन्त्य गर्ने र महिला र पुरुषलाई समान अवसरको अवस्था सृजना गर्ने ।

***जातीय विभेद उन्मुलन सम्बन्धी महासन्धि १९६५ धारा ५ :*** शिक्षाको पहुँच र अभ्यासमा आउन सक्ने भेदभावका अभ्यासहरुलाई हटाउन राज्यले आवश्यक कानुनी प्रावधान र व्यवहारिक कार्यक्रमहरु लागु गर्ने ।

***अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६, धारा २४*** : अपाङ्गता भएको व्यक्तिहरुको शिक्षाको अधिकार विना कुनै भेदभाव र समान अवसरको आधारमा सबै तह र जीवनपर्यन्त सिकाइमा समाबेशी शिक्षा प्रणाली सुनिश्चित गर्ने ।

***निकृष्ट प्रकारको बाल श्रम निर्मुलन सम्बन्धी आइएलओ महासन्धि १८२, २००० :*** श्रममा संलग्न भएका बालबालिकाहरुलाई शिक्षाबाट बंचित गर्न नपाइने र शिक्षाको अवसरबाट बंचित गराइ लागाएको बालश्रम निकृष्ट बालश्रम भएकोले तत्काल उद्धार र कार्वाही गर्ने ।

***दिगो विकास लक्ष्य (२०१६ देखि २०३०)*** ले शिक्षा सम्बन्धमा लक्ष्य ४ अन्तर्गत खुदभर्ना दर करीब १०० प्रतिशत पुऱ्याउने तथा आधारभूत शिक्षामा भर्नादर ९० प्रतिशत पुऱ्याउने, साक्षरता प्रतिशत ९५ प्रतिशत पुऱ्याउने, शिक्षालाई रोजगारमूलक तथा विभेदमुक्त बनाउने लक्ष्य लिएको छ ।

## ३. अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको व्यवस्था

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ नेपालमा शिक्षा अधिकारको आधारभुत दस्तावेज हो। यसमा उल्लेखित व्यवस्थाहरुको पालना र कार्यान्वयन गर्नु गराउनु तीनै तहका सरकार तथा राज्यका निकायहरुको कर्तव्य हो ।

यस ऐनले संविधानमा उल्लेखित शिक्षा सम्बन्धी हक र सो सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयन गर्ने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको हुने (दफा ४) र आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको कर्तब्य हुने र आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका बालबालिकालाई नियमित रुपमा विद्यालय पठाउने अभिभावकको दायित्व हुने व्यवस्था गरेको छ (दफा ५) ।

उक्त ऐनले दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नपर्ने व्यवस्था गरेको छ । ४ देखि १३ वर्ष उमेर समूहका बालबालिकालाई आधारभूत शिक्षा प्रदान गर्न स्थानीय तहले व्यवस्था गर्नुपर्ने, ४ वर्ष उमेर पुरा गरेका बालबालिकालाई अनिवार्य एक वर्ष प्रारम्भिक बालविकासमा भर्ना गर्नुपर्ने व्यवस्था गरेको छ । साथै विपद तथा अन्य आपतकालिन परिस्थितिहरुमा बालबालिकाको निरन्तर शिक्षा प्रयोजनका लागि स्थानीय तहले व्यवस्था गर्नपर्ने उल्लेखित छ । दफा ७ मा अभिभावकले अनिवार्य रुपमा पायक पर्ने विद्यालयमा भर्ना गराउनु पर्ने, बालबालिकालाई बीचैमा विद्यालयबाट निकाल्ने वा नपठाउने गर्न नपाइने व्यवस्था गरेको छ । यसै अन्तर्गत पायक पर्ने विद्यालय भन्नाले वासस्थानबाट २ किलोमिटर दूरी भित्रको विद्यालय भनिएको छ । यदी यस क्षत्रमा विद्यालय नभएमा स्थानीय तहले विद्यालय स्थापना गर्ने वा वैकल्पिक व्यवस्था गर्ने उल्लेख छ ।

दफा ९ मा विद्यालयमा तोकिएको अवस्थामा बाहेक भर्ना गर्न इन्कार गर्न नहुने र गरेमा दण्डनीय हुने व्यवस्था छ । विद्यालयमा भर्ना गर्न इन्कार गर्न सकिने अवस्था भएमा लिखित रुपमा जवाफ लेखि अन्य पायक पर्ने विद्यालयमा विद्यार्थी भर्ना गर्न सहजीकरण गर्न विद्यालयहरुलाई उत्तरदायी बनाइएको छ । निम्न अवस्थाहरुमा मात्र विद्यालयले भर्ना गर्नबाट इन्कार गर्न सक्छन् :

- विद्यालयको कक्षामा तोकिएको विद्यार्थी संख्या पुरा भइसकेको अवस्थामा वा सिट उपलब्ध नभएमा
- भर्ना गर्न चाहेको कक्षाको लागि न्यूनतम स्तर पुरा नगरेमा
- भौतिक पूर्वाधार अभाव वा भौतिक अवस्थाका कारण थप विद्यार्थी भर्ना लिन नसक्ने भएमा अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धी ऐनको पुर्ण पाठ अनुसूचीमा दिइएको छ ।

## ४. नेपालको १५ औं आवधिक योजनाको आधारपत्रमा उल्लेखित शिक्षा सम्बन्धी व्यवस्था

नेपालको १५औं आवधिक योजनाले दिगो विकासको आधार सहितको पञ्चवर्षीय योजना तय गरेको छ। यस योजनाले विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षामा समावेश गर्ने, प्रारम्भिक बाल विकासको गुणस्तर, पहुँच तथा सिकाइ पक्षलाई सुधार गर्ने, विद्यालयलाई सुरक्षित तथा हिंसा मुक्त बनाउने, विद्यालय छाड्ने दर घटाउने, प्राविधिक शिक्षामा पहुँच बढाउने लगायतका उद्देश्य तथा कार्यक्रमहरु तय गरेको छ। १५ औं योजनाको विद्यालय शिक्षा सम्बन्धी योजनाको विस्तृत विवरण अनुसूचीमा दिइएको छ।

## ५. दिगो विकास लक्ष्य कार्यान्वयन मार्गचित्र अन्तर्गतको प्रतिवद्धता

दिगो विकासको लक्ष्य ४ : सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनयर्पन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने।

४.१ सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरु हासिल हुने गरी सबै बालबालिकाले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने।

४.१.१ लिङ्ग अनुसार (क) कक्षा २३ मा, (ख) प्राथमिक तहको अन्त्यमा, र (ग) निम्न माध्यमिक तहको अन्त्यमा (१) पढ्न र (२) गणितमा कम्तिमा न्यूनतम निपुणता स्तर (Proficiency Level) हासिल गर्ने बालबालिका तथा युवाहरुको अनुपात

१. प्राथमिक तह खुद भर्नादर (प्रतिशत) ९९.५

२. प्राथमिक तह पुरा गर्ने दर (प्रतिशत) ९९.५

३. कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु मध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरुको प्रतिशत ९५

५. कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रहरुको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात (Ratio of girls to boys) १

६. कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत)(गणित, नेपाली, अंग्रेजी)
क) गणित ६५, ख) नेपाली ७५, अंग्रेजी ६८

४.२ स्न २०३० सम्ममा प्राथमिक शिक्षा हासिल गर्न तत्पर होऊन् भन्नका लागि गुणस्तरीय बाल विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

४.३ सन् २०३० सम्ममा सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा विश्वविद्यालय लगायत उच्च शिक्षामा सबै महिला र पुरुषको समान पहुँच सुनिश्चित  गर्ने ।

४.४. स्न २०३० सम्ममा रोजगारी, मर्यादित काम तथा उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सीप लगायतका सान्दर्भिक सीपहरु हासिल गरेका युवा तथा प्रौढहरुको संख्यामा उल्लेख्य वृद्धि गर्ने ।

४.५. स्न २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानता उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाती र सङ्गटासन्न अवस्थामा रहेका सबै तहको शिक्षा र व्यावसायिक तालिमको समान पहुँच सुनिश्चित  गर्ने ।

४.६.स्न २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष पौढहरुको साक्षरता र गणितीय सीप हाँसिल गरेको सुनिश्चित  गर्ने ।

४.७. स्न २०३० सम्ममा सबै सिकारुले दिगो विकासका लागि शिक्षा र दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक सामनता, शान्ति र अहिंसाको संस्कृतिको प्रवर्द्धन, विश्व नागरिक र संस्कृतिको योगदानको प्रशंसा इत्यादि मार्फत दिगो विकासको प्रवर्द्धनका लागि आवश्यक ज्ञान र सीप  सुनिश्चित गर्ने ।

४.क शैक्षिक सुविधाहरु बाल, अपाङ्गता तथा लैङ्गिक संवेदनशील हुने गरी निर्माण  तथा थप गर्ने र सबैका लागि सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइको वातावरण उपलब्ध गराउने ।

४.ख. स्न २०२० सम्ममा विकासशील देशहरु खास गरी अति कम विकसित देशहरु, विकासशील साना टापु राज्यहरु र अफ्रिकी देशहरुका लागि विकसित  देशहरु र अन्य  विकासशील देशहरुमा व्यावसायिक तालिम र सूचना तथा सञ्चार प्रविधि , प्राविधिक, इन्जिनियरिङ्ग र विज्ञानसँग सम्बन्धीत कार्यक्रमहरु लगायतका उच्च शिक्षामा भर्नाका लागि विश्वव्यापी रुपमा छात्रवृत्तिको संख्यामा उल्लेख्य विस्तार गर्ने ।

४.ग. सन् २०३० सम्ममा विकासशील मुलूकहरु, विशेषगरी अति कम विकसित  देशहरु र विकासशील साना टापु राज्यहरुमा अन्तर्राष्ट्रिय सहयोगमार्फत शिक्षकलाई तालिम उपलब्ध गराइ योग्य शिक्षकहरुको आपूर्तिमा उल्लेख्य वृद्धि गर्ने ।

## पाठ ३ :

# स्थानीय तहमा शिक्षा अधिकार

### क) स्थानीय सरकारको जिम्मेवारी

नेपालको संविधान अनुसार माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकार अन्तर्गतको व्यवस्था हो । यस अर्थमा एकल अधिकार अन्तर्गत रहेका विषयमा स्थानीय तहले आफ्नै ऐन नियम तथा नीतिहरु नर्माण गर्न र कार्यान्वयन गर्न सक्दछ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालमा शिक्षा विकासको सन्दर्भमा विस्तृत राष्ट्रिय नीतिको उल्लेख गरेको छ। उक्त नीतिले संघीय, प्रदेश तथा स्थानीय सरकारको कार्यान्वयन जिम्मेवारीहरु पनि स्पष्ट उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ पाठ ११.३ अनुसार शिक्षा नीतिको कार्यान्वयनका लागि स्थानीय सरकारले प्रारम्भिक बाल विकास, वैकल्पिक शिक्षा तथा आधारभूत विद्यालयसँग सम्बन्धित अधिकांश कार्यहरुको कार्यान्वयन गर्ने जिम्मेवारीहरु रहेका छन् । उक्त नीतिका आधारमा स्थानीय सरकारले गर्नपर्ने कार्यहरु निम्न तोकिएका छन्

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
३. अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

४. निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, ११.३.७ आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
७. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन, ११.३.९ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
८. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन ११.३.११ विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
९.विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण, ११.२.१३ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
१०.विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
११.राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
१२. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
१३. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
१५. स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

१७. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,
१८. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
१९. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
२०. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
२१. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२२. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२३. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

## ख) स्थानीय तहको कार्य विभाजन

नेपालमा स्थानीय तहको सरकारको शिक्षा सम्बन्धी नीति निर्माण, योजना तर्जुमा शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमनको लागि ७५३ वटा गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाको गठन गरी सबै तहलाई शिक्षा सम्बन्धी काम, कतर्व्य र अधिकारको व्यवस्था गरिएको छ। नेपालको संविधानमा मौलिक हकको रुपमा शिक्षालाई अंगीकार गरिएको छ। नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चिता गरिएको छ। ती संवैधानिक हकहरुको कार्यान्वयन गर्न स्थानीय कानुन निर्माण गरी लागु गर्नु प्रत्येक स्थानीय सरकारको जिम्मेवारी रहेको छ।

नेपालको संविधानको अनुसूचीहरुमा शिक्षा सम्बन्धी व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई शिक्षाको अधिकारको बाँडफाँड गरिएको छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रम संख्या नं ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। नेपालको संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साँझा अधिकारको सूचीको क्रम नं. २ मा शिक्षा, खेलकूद र पत्रपत्रिका सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। नेपालको सरकारले स्थानीय

सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकारहरु उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा शिक्षा सम्बन्धी अधिकार: आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ज) मा आधारभूत र माध्यमिक शिक्षाको स्थानीय तहले सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ । स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी देहायका २३ वटा काम, कर्तव्य र अधिकार प्रदान गरिएको छ ।

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बेकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दि मिलान,
(१२) विद्यालयको नसाङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन,
(१६) नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूशन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## *स्थानीय तहको वडाको कार्य विभाजन*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२(ग) मा विकास कार्यको १, २, र ३ मा शिक्षा सम्बन्धी व्यवस्था गरिएको छ । स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा (२) को (ग) मा उल्लेख गरिएको ४१ वटा अधिकारहरुमध्ये ४ वटा शिक्षा क्षेत्रसंग सरोकार रहेका प्रारम्भिक बाल विकास तथा शिक्षा, अनौपचारिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र, बाल अधिकार, सार्वजनिक पुस्तकालय तथा वाचनालय सम्बन्धी आधारहरु सम्बन्धी देहाय बमोजिम काम, कर्तव्य र अधिकार प्रदान गरिएको छ । दफा १२ को उपदफा(२( को

(ग) अनुसार विकास कार्य अन्तर्गत वडा समितिको ४ वटा काम, कर्तव्य र अधिकारहरु रहेका छन् ।

(१) बाल उद्यानको व्यवस्था गर्ने ।

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बाल क्लब तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने ।

(४) वडालाई बालमैत्री बनाउने ।

नेपाल सरकारबाट प्रस्तावित संघिय शिक्षा ऐन २०७५ ले स्थानीय सरकारलाई माध्यमिक शिक्षाका सन्दर्भमा व्यवस्था गरेको अधिकार तथा जिम्मेवारी निम्न छन् :

७. न्यूनतम शिक्षण अवधि: (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थामा पठन हुने शिक्षण अवधि विद्यालयमा भए कम्तिमा दुई सय बीस दिन र शिक्षण संस्थामा भए प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । तर दैनिक शिक्षण अवधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षण अवधि कायम नभएको अवस्थामा त्यस्तो अवधि पूरा नगरेका विद्यार्थीले त्यस सम्बन्धी अन्तिम परीक्षामा सहभागि हुन सक्ने छैन ।

(३) उपदफा (१) बमोजिमको समयावधिसम्म विद्यालय वा शिक्षण संस्थामा पठन पाठनको व्यवस्था मिलाउने, विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्ने वा गराउने र त्यसको अनुगमन गर्ने जिम्मेवारी विद्यालय भए सम्बन्धित स्थानीय तह र शिक्षण संस्था भए सम्बन्धित शिक्षण संस्थाको प्रमुखको हुनेछ ।

बालबालिका सम्बन्धि ऐन २०७५ ले स्थानीय तहको न्यायीक समितिलाई शिक्षा सम्बन्धि हक प्रचलन गराउने अधिकार प्रदान अगरेको छ ।

## ग) स्थानीय तहले शिक्षा अधिकारका लागि गर्न सक्ने व्यवहारिक कार्यहरू

### १) **नीतिगत व्यवस्था सम्बन्धी कार्यहरु**

स्थानीय तहले आधारभुत शिक्षा तथा प्रारम्भिक बाल विकासको अधिकार कार्यान्वयन सम्बन्धमा स्थानीय कानुनहरु निर्माण गर्ने तथा शिक्षा नीति, कार्यक्रम र आवधिक योजना बनाउने कार्यहरु गर्न सक्दछ । स्थानीय तहले बनाउने उक्त कानुन, कार्यविधि तथा नीति तथा कार्यक्रमहरु शिक्षा अधिकारको ऐन, नेपाल सरकारको अन्तर्राष्ट्रिय एवं संवैधानिक प्रतिवद्धता तथा शिक्षा नीति अनुरुप बालबालिकाको लागि पहुँचयोग्य, सुरक्षित, सहयोगी र विभेदरहीत विद्यालय परिवेश बनाउन नीतिगत, कार्यक्रमिक र लगानीको स्पष्ट व्यवस्था हुनुपर्दछ ।

### २) **बजेट तथा लगानी सम्बन्धी व्यवस्था :**

शिक्षा अधिकार कार्यान्वयनका लागि बजेट तथा लगानीको व्यवस्था हुनुपर्दछ । यसको उल्लेख नीतिगत रुपमा भएमा नियमित रुपमा बजेट विनियोजन गर्न सहज हुन्छ । नेपाल लगायतका राष्ट्रहरुले सार्वजनिक शिक्षामा राज्यको लगानी वार्षिक बजेटको २० प्रतिशत पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका छन् । शिक्षाका लागि राष्ट्रिय अभियानले गरेको अध्ययन (२०१८) अनुसार नेपालमा सरदर प्रति बालबालिकामा हुने लगानीको ४८ प्रतिशत अभिभावकले निजी आम्दानीबाट गर्नुपर्दछ । सरदर प्राथमिक तहमा एक बालक वा बालिकाको लागि १० हजार लगानी पर्दछ भने त्यसमध्ये करिब ४ हजार ८ सय अभिभावकले खर्च गर्नुपर्ने हुन्छ । अधिकांश अभिभावकहरु यही लगानीका कारण बालबालिकालाई विद्यालय नपठाउने, विद्यालयबाट झिक्ने, छोरा र छोरी बीचको शिक्षामा विभेद गर्ने गर्दछन् । त्यसैले विद्यालय शिक्षा पूर्ण रुपमा राज्यको लगानीबाट सञ्चालन भएमा मात्र सार्वजनिक शिक्षामा सुधार हुन सक्छ र गुणस्तर पनि वृद्धि हुन्छ साथै शिक्षामा हुने वर्ग विभेद पनि कम हुन्छ । यसका लागि शिक्षामा बजेट लगानी बढाउनुका साथै शिक्षामा लागू भएका अप्रत्यक्ष करहरुको न्युनिकरण गर्ने योजना बनाइनुपर्दछ ।

शिक्षामा हुने लगानीको झण्डै ७० प्रतिशत तलब भत्तामा र १० प्रतिशत मात्र गुणस्तर सुधारका लागि भएको पाइन्छ । यो प्रवृत्तीलाई सुधार गरिनुपर्दछ । न्यूनतम पनि शिक्षामा हुने लगानीको २० प्रतिशत गुणस्तर सुधार, विद्यार्थीहरुमा प्रत्यक्ष सुविधा उपलब्ध गराउने कार्यमा ४० प्रतिशतभन्दा बढी लगानी हुनुपर्दछ ।

**३) अनिवार्य विद्यालय भर्ना सम्बन्धी व्यवस्था**

विद्यालय शिक्षाको अवस्था सुधार गर्न विद्यालय उमेरका सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना हुने र विद्यालय शिक्षाको दयारमा ल्याइनुपर्दछ । यसका लागि विद्यालय छाडेकाहरुका लागि वैकल्पिक शिक्षा, माध्यमिक तहमा प्राविधिक विद्यालयहरुको संख्या बढाइनुपर्दछ । साथै विद्यालय छाड्न सक्ने जोखिममा रहेकाहरुका लागि सहायता प्रदान गर्न विद्यालयमा नै विशेष सहायता कोष स्थापना गरि सञ्चालन गर्न सकिन्छ ।

**४) गुणस्तरीय सिकाइ उपलब्धी र व्यक्तित्व विकास सम्बन्धी व्यवस्था**

आधारभुत तथा माध्यमिक शिक्षामा विद्यार्थीहरुको सिकाइ उपलब्धिको नियमित परीक्षण हुनुपर्दछ । सिकाइ उपलब्धि किताबी ज्ञान मात्र नभएर विद्यार्थीहरुले तहगत, कक्षागत, विषयगत उद्देश्यहरु पुरा गर्न सके कि सकेनन, सिकेका विषयहरुको अवधारणा र व्यवहारिक प्रयोगहरु थाहा पाए कि पाएनन पनि जान्नु जरुरी छ । सिकेका कुराहरुले विद्यार्थीहरुमा जिम्मेवार नागरिक बनाउन र व्यक्तित्व निर्माणमा के कस्तो योगदान पुऱ्याएको छ त्यसको पनि मुल्याङ्कन हुनुपर्दछ । स्थानीय तहले सिकाइ उपलब्धि, शिक्षण गुणस्तर सुधारका लागि विभिन्न समयमा स्वमुल्यांकन, साथी मुल्यांकन तथा विज्ञ मुल्यांकन र प्रशिक्षणहरु सञ्चालन गर्न सक्दछ । उत्कृष्ट विद्यालयहरुसँग सम्बन्ध विस्तार गरी सह सिकाइका वातावरण पनि बनाउन सक्दछ । यसका साथै नियमित रुपमा शिक्षक, व्यवस्थापकको क्षमता विकास, सृजनात्मक शिक्षण सिकाइका प्रशिक्षणहरु सञ्चालन गर्न सकिन्छ ।

**५) अनिवार्य अभिभावक सहभागिता सम्बन्धी व्यवस्था :**
शैक्षिक विकासको लागि अभिभावक र बालबालिकाहरुको सहभागिता अनिवार्य शर्त हो । सचेत, जिम्मेवार र सहयोगी अभिभावक तथा सक्रिय र सचेत बालबालिकाबाट मात्रै विद्यालय शिक्षामा अपेक्षित सुधार गर्न सकिन्छ । तसर्थ विद्यालय व्यवस्थापन, सुधार तथा शैक्षिक उपलब्धिका लागि अभिभावकहरुको सक्रिय सहभागिता प्रवर्द्धन गर्ने नीतिहरु बनाउन सकिन्छ । जस्तै : नियमित शिक्षक अभिभावक छलफलमा सहभागी नहुने अभिभावकलाई सम्बन्धित वडा समितिबाट स्पष्टीकरण सोध्ने, गैरजिम्मेवार अभिभावकमा सुचिकरण गरी नाम सार्वजनिक गर्ने, न्यूनतम पनि मासिक २ पटक विद्यालयमा आफ्ना बालबालिकाको अवस्था पहिचान गर्न अभिभावक उपस्थित हुनपर्ने व्यवस्था मिलाउने । यसरी अभिभावक जाँदा आमाबाबु भएका बालबालिकाको हकमा दुबै जना अनिवार्य उपस्थित हुने व्यवस्था मिलाउने ।

बालबालिकाहरुलाई नियमित परामर्श, बाल समूहमा सहभागी गराई विद्यालय सुधारमा उनीहरुको विचार र भावनाको सुनवाइ गर्ने व्यवस्था मिलाउने ।

**६) विद्यालयको भौतिक पूर्वाधार सुधार सम्बन्धी व्यवस्था**
विद्यालयको भौतिक पूर्वाधार तथा परिवेशले विद्यार्थीहरुको सिकाइ क्षमता तथा शिक्षण परिवेशलाई प्रभावित पार्दछ । सुरक्षित भौतिक पूर्वाधार, बाल मैत्री तथा अपाङ्गता मैत्रीसंरचनाहरु, छात्र र छात्राहरुका लागि सुरक्षित र छुट्टै तथा सफा शौचालय, विद्यालयमा प्राथमिक उपचारको उपलब्धता, स्यनीटरी प्याडको व्यवस्था, सफा पिउने पानी, सफा र स्वस्थकर खानाको व्यवस्था, खेलकूद सामग्रीहरुको व्यवस्था, विद्यार्थीहरुले प्रयोग गर्न पाउने गरी पुस्तकालय जस्ता भौतिक पूर्वाधारहरु बालबालिकाको शिक्षाको लागि अत्यन्तै महत्वपूर्ण रहन्छन् । स्थानीय तहले उपयुक्त भौतिक पूर्वाधार सहितको नमुना विद्यालय निर्माण र व्यवस्थापन अभियानलाई विशेष कार्यक्रमको रुपमा अगाडी बढाउन सक्छ ।

**७) नागरिक सँगठन तथा विकास साझेदारहरुसँगको सहकार्य**

शैक्षिक विकास उन्नयनका लागि नागरिक सँगठनहरु, पेशागत समूहहरु, राजनीतिक दल तथा सामुदायिक संस्थाहरुको सहयोगी भूमिका रहन्छ । विशेष गरी विद्यालयमा शैक्षिक सहायता, तथा भौतिक सुधार, शिक्षक क्षमता विकास, व्यवस्थापन सुधार, विद्यालयलाई दलगत राजनीतिक हस्तक्षेप मुक्त बनाउन, सुरक्षित व्यवहार प्रवर्द्धन गर्न, शिक्षक, अभिभावक, विद्यार्थी सचेतना तथा प्रशिक्षण कार्यहरु गर्नका लागि नागरिक सँगठन, विकास साझेदार तथा सामुदायिक संस्थाहरुको सहयोग प्रभावकारी रहन्छ । तसर्थ स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यरत शिक्षाका क्षेत्रमा लगानी गरिरहेका यस्ता विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्न नियमित समन्वय बैठकका आयोजना गर्न सक्दछ, कतिपय संस्थाहरुसँग साझा कार्यक्रमहरु बनाइ लागु गर्न सक्छ ।

**८) संरचनागत व्यवस्था सम्बन्धी कार्यहरु**

नेपालका विद्यमान ऐन तथा स्थानीय तहले आफ्नो नीति अनुरुप विभिन्न स्थानीय संरचना तथा संयन्त्रहरु गठन र परिचालन गर्न सक्छ । उदाहरणका लागि पालिकास्तरीय शिक्षा समिति, वडास्तरीय विद्यालय शिक्षा अनुगमन तथा सहयोग समिति, प्रत्यक विद्यालयमा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षा संघ तथा वडा तथा पालिकास्तरीय अभिभावक मञ्च । यस्ता समितिहरुले सामुदायिक परिचालन गर्न, नियमित रुपमा अवस्था अनुगमन गर्न र आवश्यकताका समयमा तत्काल सहयोग जुटाउनका निम्ति सहयोग पुऱ्याउन सक्दछ ।

# अनुसुची

१. शिक्षा अधिकार सम्बन्धी ऐन
२. १५ औं योजनाको शिक्षा सम्बन्धी कार्यक्रमहरु
३. स्थानीय तहले अवलम्बन गर्न सक्ने अनिवार्य शिक्षा सम्बन्धी नीति नमुना)
४. राष्ट्रिय शिक्षा नीति २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षाको बारेमा गरेका मुख्य व्यवस्थाहरुको सूची

# १. शिक्षा अधिकार सम्बन्धी ऐन

अनिवार्य तथा नि शुल्क शिक्षा सम्बन्धि ऐन (२०७५) ले स्थानीय तहलाई दिएकौ अधिकार र जिम्मेवारी निम्न छन्

## शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व

दफा ३. शिक्षा प्राप्त गर्ने अधिकार(१) प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुनेछ। शिक्षा प्राप्त गर्न कसैलाई पनि कुनै पनि आधारमा भेदभाव गरिने छैन।

(२) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानुन बमोजिम साक्षर हुने, प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा तथा उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(४) शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानुन बमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने, अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने अधिकार हुनेछ।

५) प्रत्येक निरक्षर नागरिकलाई तोकिए बमोजिम साक्षर हुने अधिकार हुनेछ।

६) प्रत्येक नागरिकलाई प्रचलित कानुन बमोजिम शर्त तथा मापदण्ड पुरा गरी आफ्नो योग्यता, क्षमता तथा रुची अनुसार उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

७) अपाङ्गता भएका नागरिकहरुलाई विशेष शिक्षाको आध्यमबाट समेत शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

८) आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।
९) जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पिडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोरा छोरीहरुलाई तोकिए बमोजिम विशेष अवसर पाउने अधिकार हुनेछ ।
१०) प्रत्येक बालबालिकालाई प्रचलित कानुनमा व्यवस्था भए बमोजिमको योग्यता प्राप्त गर्ने अधिकार हुनेछ ।

दफा ४  शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुनेः १) प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्  सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।
२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ ।
३) उपदफा (१) र (२) को प्रयोजनाको लागि नेपाल सरकारले आवश्यक समन्वय र नेतृत्व गर्नेछ ।

दफा ५ नागरिकको कर्तव्यः १) आधारभूत तहको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।
२) आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका आफ्ना बालबालिकाहरुलई नियमित रुपमा विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हो ।

## परिच्छेद ३

### अनिवार्य तथा निःशुल्क शिक्षा

६. अनिवार्य शिक्षा प्रदान गर्नु पर्नेः(१)यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थायि तह मार्फत  राज्यले चारबर्स पुरा भइ तेह्र बर्ष उमेर पुरा नभएको प्रत्येक बालबालिकालाइ आद्यारभुत तहसम्म अनिबार्य शिक्षा प्रदान गर्ने ब्यबस्था गर्नु पर्नेछ ।
(२) उपदफा (१) मा उल्लेखित शिक्षाका अतिरीक्त चमर बर्षको उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भीक बाल विकाश तथा शिक्षा प्रदान गर्नु

पर्नेछ । (३)स्थानिय तहले प्राकृतिक बिपद दुर्घटना ,आकस्मीक घटना लगायतका अन्य कारण
बाट प्रभाबित बालबालिका लाइ सुरक्षित रुपमा आद्यारभुत तहसम्मको शिक्षा प्रदान गर्ने ब्यबस्था गर्नुपर्नेछ ।

७. बालबालिका भर्ना गराउनुपर्ने : (१)यो ऐन प्रारम्भ भएपछि आअबस्थद्यारभुत तहमा प्रत्येक बालबालीका लाइ निजको उमेर अनुसारको कक्षामा पायक पर्ने बिद्यालयमा सम्बन्धीत अभिभाबकले भर्ना गराउनु पर्ने छ। स्पष्टीकरण.यस परिच्छेदको प्रयोजनका लागि –"पायक पर्ने विद्यालय " भन्नाले सम्बन्धित बालबालिकाको अभिभावक रहेको बासस्थानबाट सामान्यतया दुई किलोमिटरसम्मको दूरीमा रहेको विद्यालय सम्झनु पर्छ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि सम्बन्धीत जिल्लाको भौगोलिक स्थिति जनघनत्व बिद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या समेत लाई ध्यान दिई सामान्यतया दुई किलोमिटरभित्रको दुरीमा बिद्यालय खोल्न बाद्या पारेको मानिने छैन ।
(३) उपदफा (१) बमोजिम विधालयमा भर्ना भएको वालवालिकाले आधारभुत तहसम्मको शिक्षा पुरा नगरी निजलाई पठनपठन बाट बञ्चित गर्ने उदेस्यले अभिभाबकले विधालयबाट छुटाउनु वा विधालय विधालय जानबाट रोक लगाउनु हुदैन ।
(४) आर्थिक भौगोलिक वा शारीरीक ,मानसीकअबस्था वा अन्य कुनै प्रतिकुलताका कारणले बालबालिकाहरु विधालय जान नसक्ने भएमा तोकिए बमोजिम आबासीय विधालयमा अध्ययन गर्ने व्यबस्थ ागर्न सकीनेछ ।
(५)विधालय जाने उमेरका बालबालिकालाई विधालयमा भर्ना नगराउने वा भर्ना भएपछी पनि आधारभुत तहसम्मको शिक्षा पुरा नगरी बालबालिका लाई विधालयबाट छुटाउने अभिभाबक लाई स्थानिय तहबाट प्रदान गरीने सुबिधा प्राप्त गर्न बन्चीत गर्नसकिनेछ ।
(६) उपदफा (५) बमोजिम सुबिधाबाट बञ्चीत गर्नुअघि सम्बन्धीत अभिभाबक संग आबस्यक परामर्स गरी बालबालिकालाई विधालय पठाउनु उत्प्रेरीत गर्न ब्यबस्था गरीनेछ ।

८. पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गर्ने: १) प्रत्येक बालबालिकालाई निजको अभिभावको बासस्थानबाट पायक पर्ने विद्यालयबाट आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ । २) आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेरको कुनै बालबालकााको हकमा उपदफा (१) बमोजिम विद्यालय उपलब्ध हुन नसकेमा सम्बन्धित स्थानीय तहले यो उैन प्रारम्भ भएको तीन वर्षभित्र त्यस्तो ठाउँमा विद्यालय स्थापना गर्ने वा त्यस्तो बालबालिकाका लागि आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सक्ने बैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

३) यस दफामा लेखिएका कुनै पनि कुराले सम्बन्धित अभिभावले आफुले चाहेको अन्य विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन वा सम्बन्धित बालबालिकाले रोजेको अन्य विद्यालयमा भर्ना भई शिक्षा पैप्त गर्न रोक लगाउने छैन ।

९. भर्ना गर्न इन्कार गर्न नहुने: १) कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न निजलाई पायक पर्ने विद्यालयमा वा अन्य कुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा देहायको अवस्थामा बाहेक त्यस्तो विद्यालयको प्रधानाध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैन । क) कुनै कक्षाको लागि अध्यापन गराउने विद्यार्थी जति संख्या निर्धारण गरिएको हो त्यति नै संख्यामा बालबालिका भर्ना भइसकेको भएमा, ख) जुन कक्षामा निज भर्ना हुन चाहेको हो निजले त्यस्तो कक्षाको न्यूतम स्तर पुरा नगरेमा,

ग) विद्यालयको भौतिक अवस्थाको कारणले थप बालबालिका भर्ना गर्न नसकिने भएमा ।

२) उपदफा (१) का खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए पनि अपाङ्गता भएका वा आर्थिक रुपले विपन्न बालबालिकालाई निजहरुकै पायक पर्ने विद्यालयले भर्ना गर्नु पर्नेछ ।

३) उपदफा (१) बमोजिम बालबालिका भर्ना गर्न इन्कार गर्नु परेमा सम्बन्धित प्रधानाध्यापकले त्यस्तो विद्यालयको नजिकमा रहेका अन्य उपयुक्त विद्यालय

भए सम्बन्धित बालबालिकालाई त्यस्तो विद्यालयको नजिकमा रहेको अन्य उपयुक्त विद्यालय भए सम्बन्धित बालबालिकालाई त्यस्तो विद्यालयमा भर्ना गर्न सिफारिस गर्नु पर्नेछ ।

४) उपदफा (३) बमोजिम कुनै बालबालिका भर्ना गर्न नसकेमा त्यसको कारण लिखित रुपमा अभिभावकलाई दिई सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ र त्यतो कार्यालयले सम्बन्धित वडाभित्र वा अन्यत्र रहेका विद्यालयमा त्यस्तो बालबालिकाको भर्नाको सहजीकरण गर्नु पर्नेछ ।

५) उपदफा (१) को खण्ड (ख) को अवस्थामा भर्ना गर्न नसकिने भएमा निजले आधारभूत तहको जुन कक्षाको स्तर पुरा गर्न सक्दछ निजको अभिभावकले चाहेमा सोही कक्षामा सोही विद्यालयमा निजलाई भर्ना गराउनु पर्नेछ ।

६) यस दफामा लेखिएको अवस्थामा बाहेक बालबालिकालाई भर्ना गर्न इन्कार गर्ने काम दण्डनीय हुनेछ ।

१०. विद्यालयबाट निष्काशन गर्न नहुने: १) कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लइरहेको कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न सकिने छैन ।

२) विद्यालय भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराब आचरण भएको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउन वा बञ्चित गर्न सकिने छैन । त्यस्ता बालबालिकालाई विद्यालयले परामर्श सेवाको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

३) आधारभूत तहको क्षिा प्राप्त गरिरहेको कुनै बालबालिकाको अनुशासन, आचरण, पठनपाठन लगायतका विषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सम्बन्धित अभिभावकसँग छलफल वा परामर्श गरी त्यस्तो बालबालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न मनोसामाजिक परामर्श वा अन्य आवश्यक उपाय अवलम्बन गर्नु पर्नेछ ।

११. पुनः भर्ना गर्नु पर्ने: १) पाँच वर्ष पुरा भई बाह्र वर्ष उमेर पुरा नगरेको कुनै बालबालिका कुनै कारणले विद्यालयमा भर्ना हुन नसकी आधारभूत तहसम्मको अध्ययन पुरा नगरेको वा आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छोडेको भएमा निजको उमेर वा स्तर अनुरुप विद्यालयले दफा ९ को अधीनमा रही निजलार्य पुनः भर्ना गर्नु पर्नेछ ।
२) उपदफा (१) बमोजिम भर्ना भएको बालबालिकालाई निज भर्ना भएको कक्षाका अन्य बालबालिकाको समान स्तरमा पुऱ्याउन आवश्यक भएमा सम्बन्धित विद्यालयले वैकल्पिक उपायको व्यवस्था गर्नु पर्नेछ ।

१२. स्थानान्तरण गर्नु पर्ने: १) कुनै बालबालिका भर्ना भएको कुनै विद्यालयमा आधारभूत तहसम्मको अध्यापन गराउन स्वीकृत प्राप्त नभएको वा त्यस्तो विद्यालय अर्को विद्यालयमा गाभिएको वा कुनै कारणले विद्यालय बन्द गर्नु परेको अवस्थामा सम्बन्धित स्थानीय तहले त्यस्तो विद्यालयबाट आधारभूत तहको शिक्षा पुरा नगरेका बालबालिकालाई पायक पर्ने अर्को विद्यालयमा स्थानान्तरण गर्ने व्यवस्था गर्नु पर्नेछ ।
२) उपदफा (१) बमोजिम स्थानान्तरण हुन बालबालिकालाई त्यस्तो विद्यालयमा पुनः भर्ना गराउनु पर्ने छैन ।
३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विद्यार्थी वा निजको अभिभावले रोजेको अन्य कुनै विद्यालयमा भर्ना हुन यस दफाले बाधा पुऱ्याउने छैन ।

१३. स्थानान्तरण प्रमाणपज्ञ दिनु पर्ने: १) आधारभूत तहसम्मको शिक्षा पुरा नगरेको कुनै बालबालिका वा निजको अभिभावकले कुनै कारण देखाई निजले अध्ययन गरिरहेको विद्यालय छोडी त्यस्तो शिक्षा प्राप्त गर्न अर्को कुनै विद्यालयमा भर्ना हुन स्थानान्तरण प्रमाणपत्र माग गरेमा निजले पुरा गरेको अध्ययनको विवरण खुलाई सम्बन्धित प्रधानाध्यापकले निजलाई अविलम्ब स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको प्रमाणपत्र पेस गरेपछि दफा ९ को अधीनमा रही बालबालिकाले भर्ना हुन चाहेको विद्यालयले निजलाई अविलम्ब भर्ना गर्नु पर्नेछ ।

१४. बैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने: १) पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना भई पुरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ । २) आधारभूत तहसम्मको वैकल्पिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने: १) विद्यालयमा भर्ना भई नियमित रुपमा अध्ययन गर्न नसक्ने बालबालिकालाई माध्यमिक तहको शिक्षा अनौपचारिक वा खुला विद्यालयबाट प्रदान गर्न सकिनेछ । २) नेपाल सरकारले स्थानीय तह मार्फत्  माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यकताको आधारमा अनौपचारिक र खुला विद्यालय स्थापना एंव सञ्चालन गर्ने व्यवस्था गर्नेछ ।
३) अनौपचारिक तथा खुला विद्यालय सम्बन्धी अन्य व्यवस्गा तोकिए बमोजिम हुनेछ ।

१८. अभिभावक पहिचान नभएका बालबालिकाको शिक्षा: १) कुनै स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अभिभावक पहिचान नभएका वा पत्ताा नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।
२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्ने व्यवस्था गर्न स्थानीय तहको सम्बन्धित वडा समिति जिम्मेवार हुनेछ ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित बालबालिकाको अभिभावकको पहिचान भएमा वा पत्ता लागेमा अभिभावकले नै त्यसको जिम्मेवारी लिनु पर्नेछ ।

४) अभिभावक पहिचान नभएका बालबालिकाको पठनपाठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. योग्य नहुने: १) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल बैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्य मानिने छैन:

क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न,

ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन,

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को व्यवस्था प्रारम्भ हुनु अघि नै बाह्र बर्ष उमेर पुरा भइसकेको वा कुनै पदमा बहाल भइरकेको, निर्वाचित, मनोनयन वा नियुक्त भई सकेको वा कार्यरत रहेको वा प्राप्त गरिसकेको वा भोगिसकेको सुविधाको हकमा सो उपदफामा लेखिएको कुनै कुराले असर पुऱ्याउने छैन ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कमजोर स्वास्थ्य वा बहुअपाङ्गता वा यस्तै अन्य कुनै जटिल कारणले शिक्षा लिन नसकेको व्यक्तिको हकमा यो उपदफा लागु हुने छैन ।

२०. माध्यमिक तहसम्मको शिक्ष निःशुल्क हुनेः १) प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ।
२) निःशुल्क शिक्षा प्राप्त गर्दा प्रत्येक नागरिकले यो ऐन तथा अन्य प्रचलित कानुन बमोजिम शर्त पालना गर्नु पर्नेछ।
३) निःशूलक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. पाठ्यपुस्तक उपलब्ध गराउनु पर्नेः १) नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक सार्वजनिक विद्यालयका बालबालिकालाई पाठ्यपुस्तक बापतको रकम तोकिए बमोजिम स्थानीय तहलाई उपलब्ध गराउनेछ।
२) उपदफा (१) बमोजिमको रकम प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले पाठ्यपुस्तक खरिद बापतको रकम शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा कम्तीमा तीन महिना अघि नै सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनु पर्नेछ।
३) उपदफा (२) बमोजिम रकम प्राप्त गरेपछि विद्यालयले पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नाको समयमा विद्यार्थीलाई उपलब्ध गराउनेछ ।

२२ शैक्षिक सामग्री प्रदान गर्नेः १) स्थानीइ तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सार्वजनिक विद्यालयमा भर्ना भएका आर्थिक रुपमा विपन्न बालबालिकालाई आवश्यक पर्ने कापी, कलम लगायतका शैक्षिक सामग्री प्रदान गर्न सक्नेछ।
२) स्थानीय तहले आधारभूत तहसम्मका शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयका लागि तोकिए बमोजिम आवश्यक प्रयोगशाला, अतिरिक्त क्रियाकलाप सामग्री, खेल सामग्री, खेलकुदको पूर्वाधार, कम्प्युटर तथा सूचना प्रविधिको पहुँचको व्यवस्था गर्नु पर्नेछ।
३) शैक्षिक सामग्री प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. छात्रवृत्ति प्रदान गर्न सक्नेः १) मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको  सूचकाङ्क भन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदाय वा

आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका नागरिकको परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम प्राप्त छात्रवृत्ति शैक्षिक सामग्री वा विद्यार्थीको सिकाइमा मद्दत पुग्ने अन्य कुनै सामग्री व्यवस्थाका निम्ति खर्च गर्नु पर्नेछ।

२४. स्वास्थ्य उपचारको प्रवन्ध गर्ने: १) स्थानीय तहले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रचलित कानुन बमोजिम सञ्चालित स्वास्थ्य संस्थासँग सहकार्य गरी स्वास्थ्य परामर्श तथा उपचार सम्बन्धी आवश्यक प्रवन्ध मिलाउन सक्नेछ।

२) निजी लगानी तथा सार्वजनिक शैक्षिक गुठीका विद्यालयमा तोकिए बमोजिमको नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

२५. दिवा खाजा सम्बन्धी व्यवस्था: मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सूचकाङ्क भन्दा तल परेका क्षेत्रका तोकिएका समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका नागरिकको परिवारका बालबालिकाहरुलाई पठनपाठनमा निरन्तरता दिनका लागि नेपाल सरकारले स्थानीय तह मार्फत् तोकिए बमोजिम दिवा खाजा वा दिवा खाजा खर्च उपलब्ध गराउन सक्नेछ।

२६. शिक्षणको माध्यम भाषा: १) विद्यालयले प्रदान गर्ने शिक्षणको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा वा सम्बन्धित नेपाली समुदायको मातृभाषा हुन सक्नेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशीले नेपालमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय अध्ययन गर्नु पर्ने अवस्थामा निजले चाहेमा त्यसको सट्टा अन्य कुनै भाषागत विषय अध्ययन गर्न सक्नेछ।

२७. निजी लगानीका विद्यालय सेवामूलक हुने: १) निजी लगानीका विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षा र आधारभूत शिक्षा सेवामूलक तथा लोककल्यायकारी हुने गरी सञ्चालन गर्नु पर्नेछ।

२) निजी लगानीका विद्यालयलाई सेवामूलक र लोककल्याणकारी बनाउने सम्बन्धी विस्तृत व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन गरेका सो विद्यालयको विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षा देखि बाह्र कक्षासम्मका कुल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्नेछ ।

क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत ।

ख) पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह्र प्रतिशत ।

ग) आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत ।

४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै विद्यालयले उपलब्ध गराउँदै आएको छात्रवृत्ति घटाउन पाइने छैन ।

५) उपदफा (२) बमोजिम आरक्षण गरिएको स्थानमा छनौट कार्यविधि अवलम्बन गरी तोकिएका समूहबीचको प्रतिसपर्धाको आधारमा योग्य र सक्षम बालबालिकालाई भर्ना गर्नु पर्नेछ ।

६) उपदफा (१) मा आरक्षित स्थानका निम्ति छनौट भई भर्ना भएका विद्यार्थीहरुलाई निजी लगानीका विद्यालयले उपलब्ध गराउने सुविधा तोकिए बमोजिम हुनेछ ।

७) उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा उपदफा (२) बमोजिम छनौट भई निःशुल्क अध्ययन गर्ने विद्यार्थीहरुले जुन कक्षामा निःशुल्क शिक्षा लिएको हो, सोभन्दा माथिल्लो कक्षा, तह वा प्रचलित कानुन बमोजिम प्राप्त हुने निःशुल्क अध्ययन वा छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि आवेदन गर्न पाउनेछ ।

# परिच्छेद ४

## मातृ भाषामा दिइने शिक्षा तथा विद्यालय संचालन

२८. मातृभाषी शिक्षा सम्बन्धी व्यवस्थाः १) नेपनलमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो मातेभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ । तर त्यस्तो शिक्षा प्रचलित कानुन बमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम हुनु पर्नेछ ।
२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न त्यस्तो समुदायले माध्यमिक तहसम्मको शिक्षा भए छुट्टै विद्यालय वा शिक्षण संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

३) नेपाल सरकारले मातृभाषी शिक्षा प्रदान गर्नका लागि विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।
४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा अनुदान दिएका शिक्षण संस्था वा सार्वजनिक विद्यालयमा नेपाली नागरिकलाई कुनै खास विषयमा निजको माग बमोजिम मातृभाषी शिक्षा प्रदान गर्न सकिनेछ ।

२९. विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु पर्नेः १) दफा २८ को उपदफा (२) बमोजिमको विद्यालय वा स्थानीय संस्था जुन समुदायबाट स्थापना गरिएको हो सोही समुदायबाट सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।
२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले त्यस्तो शिक्षण संस्था वा मातृभाषी शिक्षा दिने विद्यालय सञ्चालन गर्न त्यस्तो समुदायको अनुरोध बमोजिम सञ्चालन र व्यवस्थापनमा सघाउ पुऱ्याउन निश्चित रकम प्रत्येक वर्ष अनुदानको रुपमा प्रदान गर्न सक्नेछ ।

३) मातृभाषी शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानीय विशेषता र आवश्यकता अनुसार थप प्रवन्ध गर्न सक्नेछ ।

# परिच्छेद ५

## शिक्षाका लागि बजेट विनियोजन तथा अनुदान

३०. बजेट विनियोजन तथा अनुदानः १) नेपाल सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत् प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी संख्या र विद्यार्थीको प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको प्रयोजनका लागि अनुदान रकम विनियोजन गर्नु पर्नेछ ।
२) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको लागि प्रदेश कानुन बमोजिम निश्चित रकम अनुदानको रुपमा विनियोजन गर्नु पर्नेछ ।
३) नेपाल सरकार तथा प्रदेश सरकार आफैले सञ्चालन गरेका वा अनुदान प्रदान गरेका शिक्षण संस्थालाई नेपाल वा प्रदेश सरकारले संघीय कानुन वा प्रदेश कानुन बमोजिम आवश्यक अनुदान रकम विनियोजन गर्नु पर्नेछ ।
४) स्थानीय तहले आफ्नो वार्षिक बजेटमा आधारभूत तह तथा माध्यमिक तहको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गर्नु पर्नेछ ।
५) उपदफा (४) बमोजिम बजेट विनियोजन गर्दा आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालय तथा स्थानीय तहले सञ्चालन गरेका प्रत्येक विद्यालयलाई बजेट प्राप्त हुने गरी गर्नु पर्नेछ ।

३१. अन्य व्यक्ति वा संस्थाले सहायता दिन सक्नेः १) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका अतिरिक्त अन्य कुनै व्यक्ति, संघ, संस्थाले पनि आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालय, सार्वजनिक शैक्षिक गुठी वा मुनाफा नलिने गरी स्थापना र सञ्चालन भएका विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।
२) उपदफा (१) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउँदा स्थानीय तह मार्फत् वा स्थानीय तहको स्वीकृति प्राप्त गरी गर्नु पर्नेछ ।
३) उपदफा (२) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउने

कार्यविधि र ढाँचा स्थानीय तहले बनाएको कानुन बमोजिम हुनेछ । तर गैरआवासीय नेपाली बाहेक विदेशी व्यक्ति, संस्था वा सरकारबाट कुनै सहायता, सहयोग वा रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ ।

## परिच्छेद ६

### कसुर तथा जरिवाना

३२ कसर तथा जरिवानाः १) कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः

क) दफा (९) को उपदफा १ बमोजिम बालबालिकालाई भर्ना गर्न इन्कार गरेमा वा उपदफा (४) बमोजिम लिखित जानकारी नदिएमा,

ख) दफा १० को उपदफा (१) बमोजिम निष्काशन गरेमा वा उपदफा (२) बमोजिमको आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउने वा बन्चित गरेमा,

ग) दफा ११ बमोजिम पुनः भर्ना गर्न इन्कार गरेमा वा दफा १३ बमोजिम स्थानारुतरण प्रमाणपत्र दिन इन्कार गरेमा,

घ) दफा १६ बमोजिम विपरीत कुनै कार्य गरेमा,

ङ) दफा २७ विपरीतको कुनै कार्य गरेमा,

२) कसैले उपदफा (१) बमोजिम कसुर गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कसुर गरेको पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

३) उपदफा (१) बमोजिमको कसुर गरेमा न्यायिक समितिले सम्बन्धित प्रधानाध्यापकलाई देहाय बमोजिम जरिबाना गर्न सक्नेछ ।

क) खण्ड (क) र (ग) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रुपैयाँसम्म,

ख) खण्ड (ख) र (घ) बमोजिमको कसुर गर्नेलाई तीन हजार रुपैयाँसम्म,

ग) खण्डा (ङ) बमोजिमको कसुर गनेलाई बिगो बमोजिमको रकम वा पच्चीस हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम ।

४) दफा २७ को प्रतिकुल हुने गरी कुनै रकम असुल उपर गरेको रहेछ भने त्यस्तो रकम समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराउनु पर्नेछ ।

५) उपदफा (३) वा (४) बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालत पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद ७

**विविध व्यवस्था**

३३. अपाङ्गता तथा दलित नागरिकको विशेष अधिकारः १) दृष्टिविहीन नागरिकलाईै ब्रेललिपी र बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट तोकिए बमोजिम निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

२) अपाङ्गता भएका तथा विपन्न दलित नागरिकलाई शिक्षा प्राप्त गर्ने सम्बन्धमा यस ऐनमा लेखिएका अधिकारका अतिरिक्त प्रचलित कानुन बमोजिम थप विशेष अधिकार प्राप्त हुनेछ ।

३) विद्यालय बाहिर रहेका दलित, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न बालबालिकालाई विद्यालय भर्ना गराउन र सिकाइमा निरन्तरता दिने विशेष व्यवस्था गरिनेछ ।

३४. सुविधा सम्पन्न नमूना, विशिष्टीकृत तथा घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेः १) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सुविधा सम्पन्न नमूना विद्यालय वा विशिष्टीकृत विद्यालय वा घुम्ती विद्यालय वा यस्तै अन्य विशेष प्रकारको विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम खोलिएका वा सञ्चालन गरिएका विद्यालय जुन तहमा खोलिएको हो सोही तहको सरकारको अनुमतिमा स्थापना गर्नु पर्नेछ ।

३) उपदफा (१) बमोजिम खोलिएको वा सञ्चालन गरिएका विद्यालयले प्रचलित कानुनले ताकेको मापदण्ड पुरा गर्नु पर्नेछ ।

३६.प्रतिवेदन पेश गर्नेः १) प्रत्येक गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले प्रत्येक वर्ष गाउँ सभा वा नगर सभामा देहायको विवरण सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ ।

क) सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक तथा निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या,
ख) आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका बालबालकाको संख्या,
ग) विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका बालबालिकाको संख्या,
घ) विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीका संख्या,
ङ) आधारभूत तह, माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत,
च) अन्य आवश्यक कुरा ।
२) उपदफा (१) बमोजिमको प्रतिवेदन जानकारीको लागि वार्षिक रुपमा नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

३७. विवरण उपलब्ध गराउनु पर्ने: १) यस ऐनको प्रयोजनको लागि प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका मातृभाषी, दलित, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न व्यक्तिको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।
२) उपदफा (१) बमोजिमको विवरण नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मत्तलालय, प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय र सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

३८. साझेदारी वा सहकार्य गर्न सकिने: १) विद्यालय व्यवस्थापन सुधार, गुणस्तरयुक्त शिक्षाको विकास तथा विद्यार्थीहरुको सिकाइ अभिवृद्धि सम्बन्धी कार्य गर्नका लागि विद्यालय तथा प्रचलित कानुन बमोजिम सञ्चालनमा रहेका गैरसरकारी संस्था र स्थानीय तहबीच समेत पारस्परिक साझेदारी वा सहकार्य गर्न सक्ने गरी आवश्यक प्रवन्ध गर्न सकिनेछ ।
२) उपदफा (१) बमोजिमको साझेदारी तथा सहकार्य सम्बन्धी व्यवस्थाको कार्यान्वयन प्रचलित कानुन बमोजिम हुनेछ ।

# २. १५ औं योजनाको शिक्षा सम्बन्धी कार्यक्रमहरू

## ७.२ शिक्षा

### १. पृष्ठभूभि

शिक्षा विकासको आधार हो । साथै, मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महन्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउने नीति अवलम्बन गरेको छ ।

आर्थिक बर्ष २०७४७५ को अन्त्यसम्ममा १५ बषृ माथिको जनसङ्ख्याको साक्षरता दर ५८ प्रतिशत पुगेको छ भने १५ देखि २४ बर्ष उमेर समूहको युवा साक्षरता दर ८५ प्रतिशत पुगेको छ । पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.१ प्रतिशत, पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्नाहुने बालबालिकाको संख्या ६६.३ प्रतिशत पुगेको छ । कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२ प्रतिशत र कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ९२.३ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर ४३.९ प्रतिशत रहेको छ । अध्ययनको क्रममा बीचमै विद्यालय छाड्ने दर कक्षा १ देखि ५ मा ३.८ प्रतिशत, कक्षा ६ देखि ८ मा ४.४ प्रतिशत र कक्षा ९ देखि १० मा ३.७ प्रतिशत छ । यसैगरी प्राथमिक तह र माध्यमिक

तह (११-१२) को लैङ्गिक समता सूचकाङ्क क्रमशः १.० र १.०२ रहेको छ । उच्च शिक्षामा सहजै देखिने भर्नादर करिब १२.४ प्रतिशत रहेको छ । विदेशमा पढ्न जाने एवं वैदेशिक संस्थामा पढ्ने समेत गर्दा यो करिब १५ प्रतिशत पुगेको देखिन्छ । वार्षिक झण्डै पाँचलाख युवाहरु श्रम बजारमा प्रवेश गर्दछन् तर करिब एक लाख पचास हजारले मात्र प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त गर्ने गरेका छन् । जनसंख्या संरचनालाई विश्लेशण गर्दा हाल किशोर एवं युवा (१०-२४बर्ष) समूहको ठूलो हिस्सा रहेकोले आगामी बर्षहरको लागि शिक्षाको व्यवस्थापनमा यसलाई ध्यान दिनु जरुरी देखिन्छ । राज्यको नेतृन्वदायी र निजी क्षेत्रको परिपूरक भूमिकामा गुणस्तर अभिवृद्धि गर्दै समग्र शिक्षा क्षेत्रको विकास गर्ने मुलभुत सोच यस योजनाले राखेको छ ।

## २. प्रमुख समस्था

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु , विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षितरुपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत, क्षेत्रगत एंव विषयगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूल धारको रुपमा विकास गर्न नसकिनु, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास एवं शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्न नसकिनु, विश्वविद्यालय शिक्षालाई अनुसन्धानमा आधारित बनाई ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादनमा केन्द्रित गर्न नसकिनु, तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको संख्या कम हुनु, बजारको माग अनुसार जनशक्ति उपलब्ध नहुनु, उत्पादित जनशक्तिले पनि योग्यता अनुसारको रोजगारी प्राप्त गर्न नसक्नु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभुति गर्न नसकिनु, सार्वजनिक र निजी लगानीको शैक्षिक संस्थाको उचित व्यवस्थापन, प्रतिभाहरुको पलायन नियन्त्रण जस्ता विषयहरु शिक्षा क्षेत्रमा प्रमुख समस्थाका रुपमा रहेका छन् ।

### ३. चुनौती र अवसर

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायिन्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्दतिलाई व्यावहारिक, बालमैत्री एंव प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, कक्षा छोड्ने दर शुन्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि भौतिक पूर्वाधार प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सनिश्चित गर्न आवश्यक पर्ने स्रोत साधनको उपलब्धता र व्यवस्थापन गर्नु, सबै विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई अनतर्राष्ट्रियस्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउनु, प्राविधिक उच्च शिक्षाको अवसर विस्तार गर्दै ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्ने नवीन सोचलाई वास्तविकतामा उतार्न, शिक्षाको क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्न, क्षमतावान् युवालाई स्वदेशमै सेवा गर्ने अवसर सिर्जना गर्नु, शैक्षिक प्रशासनको समयसापेक्ष पुनः संइरचना, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँसराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरुको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएको विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय सरकारलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धिगरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचाङ्कमा प्रगति देखिनु, शिक्षाामा समावेशी सहभागिता अभिवृद्धि हुनु, सार्वजनिक विद्यालय प्रतिको चासो र जन अपेक्षा बढ्दै जानु, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रवर्द्धन गर्दै रोजगारीका अवसरमा वृद्धि गर्ने सरकारको नीति रहनु,

शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, तीने तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहनु, प्राविधिक शिक्षा विस्तार मार्फत स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गरी देशको आर्थिक विकासमा टेउवा पुऱ्याउन सक्ने एवं रोजगारीको खोजिमा बाहिर पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न सकिने वातावरण तयार हुनु र गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी नेपाललाई विविध विषयमा उच्च शिक्षाको अध्ययन केन्द्र बनाउन सकिने वातावरण तयार हुनु यस क्षेत्रका अवसर हन् ।

## ४. **सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

### ४.१ सोच

सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास ।

### ४.२ लक्ष्य

गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तशील मानव स्रोतकोउ विकास गर्ने ।

### ४.३ उद्देश्य

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२. प्रावधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा र समतामूलक पहुँच विस्तार गर गुणस्तर सुनिश्चित गर्नु ।

३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित समाज र अर्थइतन्त्र निर्माण गर्नु ।

४. सबै नागरिकका लागि जीवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु ।

५. संघीय संरचना अनुरुप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यसलाई सबै बालकालिकाका लागि अनिवार्य गर्ने । | १. कम्तीमा एक विद्यालय एक बालविकास केन्द्रको अवधारण अन्तर्गत स्थानीय सरकार मार्फत बालविकास केन्द्रहरुको पुनर्वितरण गरी संघीय सरकारबाट हाल दिईदै आएको अनुदानलाई निरन्तरता दिँदै प्रदेश तथा स्थानीय सरकारबाट समेत लगानी गरी बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गरिनेउछ । <br> २. प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको न्यूनतम शैक्षिक योग्यता र तालिम अवधिको पुनरावलोकन गरी योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिने छ । <br> ३. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाईलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेउछ । |
| २. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेशी बनाउने । | १. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियानलाई सबै तहको सरकार, रानीतिक दल, स्थानीय बुद्धिजीवी, समाजसेवी, सरकारी तथा गैरसरकारी निकायहरुको साझैदारीमा निरन्तरता दिई सबै बालबालिकालाई विद्यालय भर्ना गरी प्रत्येक स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र विद्यालय बाहिर बालबालका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । <br> २. सबैका लाग अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरु तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न खुला एवं वैकल्पिक शिक्षाको व्यवस्था गरिनुका साथै आपाङ्गता भएका बालबालिकाको |

| रणनीति | कार्यनीति |
|---|---|
| | पहिचान एवं लेखाजोखा गर्ने र उचित शैक्षिक अवसरको सिर्जना गर्न आपाङ्गता अनुकूल सिकाइ सामग्रीको प्रबन्ध र आवश्यकताका आधारमा आवासीय तथा विशेष शिक्षाको व्यवस्था गरिनेछ ।<br>३. कक्षा छोड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहका बालबालिकालाई दिवा खाजा, आपाङ्गता भएका बालबालिका एवं विपन्न लक्षित छात्रवृत्ति र स्थानीय स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. सबै प्रकारका विपदबाट क्षतिग्रस्त शिक्षण संस्थाहरुको पुनः निर्माण गरी शिक्षण संस्थाहरुलाई भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुपैकारका विपदप्रति संवेदनशील र आपाङ्गमैत्री बनाइनेछ ।<br>५. दुर्गम तथा हिमाली क्षेत्रका, विशेष आवश्यकता भएका बालबालिका अध्ययन गर्ने विद्यालय तथा नमुनाको रुपमा विकास गरिने विद्यालयमा आवासीय सुविधा सहितको शैक्षिक प्रवन्ध गरिनुका साथै स्थानीय आवश्यकताका आधारमा विपन्न, सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकालाई लक्षित गरी आवासीय सुविधा सहितका विद्यालय सञ्चालनमा ल्याइनेछ ।<br>६. प्रत्येक गाउँपालिका र नगरपालिकामा नपुग विषयगत शिक्षक दरबन्दी व्यवस्था गर्न संघीय, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गरी सबै विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित नहुँदासम्मका लागि उकमुष्ट अनुदान तथा पटके अनुदान जस्ता वैकल्पिक विधिहरुबाट शिक्षक व्यवस्थापन गरिनेछ ।<br>७. शिक्षण संस्थाहरुको प्रविधि सहितको भौतिक पूर्वाधार विकासको लागि संघ, प्रदेश र स्थानीय तहको लगानीमा प्राथमिकता दिइनेछ ।<br>८. जनसाङ्ख्यिक बनोट, भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय गाभ्ने, सार्ने तथा नयाँ स्थापना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली (Accreditation System) विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने । | १. पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाइ कुनाको व्यवस्था गरिनेछ । <br> २. शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्दति मार्फत पढाइ सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्था मिलाइनेछ । <br> ३. शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिनुका साथै शिक्षकको निरन्तर पेसागत क्षमता विकासका लागि शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४. मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने । | १. प्रदेश र स्थानीय तहबाट समेत आवधिक रुपमा विद्यार्थी उपलब्धि परीक्षण गरी स्तरीकृत परीक्षणबाट प्राप्त नतिजाका आधारमा परिमार्जित विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याइनेछ । <br> २. विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकुल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रुपमा मतृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिनेछ । <br> ३. प्रारम्भिक कक्षामा अन्तरसम्बन्धित ज्ञान र सीपलाई एकीकृत गर्दै विद्यालय तह (कक्षा १-१२) को पाठ्यक्रमलाई सक्षमतामा आधारित हुने गरी परिवर्तन गरिनेछ । साथै, विद्यालय तहमा नागरिक शिक्षालाई समेत समावेश गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. शिक्षण सिकाइमा टेवा पुग्ने खालका विशेषतः अंग्रजी, गणित, विज्ञान र प्राविधिक विषयमा डिजिटल पाठ्यसामग्रीहरु विकास गरी प्रयोगमा ल्याइनेछ ।<br>५. विज्ञान शिक्षालाई व्यावहारिक र रुचिकर तुल्याउन सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा आधारभूत विद्यालयमा विज्ञान कक्ष निर्माणमा जोड दिँदै निर्धारित मापदण्ड अनुसारको पूर्वाधार, जनशक्ति, विद्यार्थी संख्या, जनघनत्व लगायतका पक्षमा उपुक्त देखिएका र उच्च शैक्षिक उपलब्धि हासिल गर्ने अवस्था रहेका सार्वजनिक माध्यमिक विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषयमा कार्यक्रम सञ्चालन गरी नमुना विद्यालयको रुपमा विकास गरिनेछ ।<br>६. शिक्षण पेसामा अब्बल प्रतिभाहरुलाई प्रवेश गराउन विश्वविद्यालयबाट उत्कृष्ट अंक हासिल गरेका प्रतिभालार्य सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गरिनेछ ।<br>७. चिकिल्सा, इन्जिनियरिङ लगायतका प्राविधिक विषयमा विशिष्टिकृत जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शैक्षिक संस्था स्थापना गरिनेछ । |
| ५. निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाटा सेवामूलकमा रुपान्तरण गर्ने । | १. स्थानीय सरकारद्वारा निजी लगानीका विद्यालय सहित सबै विद्यालयको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एंव आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ ।<br>२. निजी लगानीका विद्यालयहरुको प्रभावकारिताका लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थालाई सेवामूलक बनाइनेछ । |
| ६. युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच | १. सीप नक्साङ्कन (Skill Mapping) र मापदण्डका आधारमा स्थानमान ग्रिड (Distribution Grid) को ढाँचा तयार गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा पहुँच र अवसरमा व्यापकता ल्याउन तथा सार्वजनिक, सहकारी |

| रणनीति | कार्यनीति |
| --- | --- |
| सुनिश्चित गर्न व्यापक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने । | र औद्योगिक तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) सञ्चालन गरिनेछ ।<br>२. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका लागि गुरुयोजना स्वीकृत गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन नर्जुमा र एकीकृत कोष निर्माण गरिनेछ ।<br>३. प्रत्येक स्थानीय तहमा आवश्यक पूर्वाधार सहितको कम्तिमा एउटा प्राविधिक शिक्षालय तथा व्यावसायिक विकास तालिम केन्द्र क्रमशः स्थापना गरिनेछ ।<br>४. संरचनागत विकास तथा नियमनकारी व्यवस्था मिलाई साधारण एवं प्राविधिक दुवै धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरुलाई आवश्यक स्रोत व्यवस्था गरिनेछ ।<br>५. बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, बहुवञ्चितीकरणमा परेका (Multiple Disadvantaged), आर्थिक-सामाजिक रुपमा पछाडि परेका, अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नागरिकहरुका लागि आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता प्रणली आगू गरिनेछ ।<br>६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा तोकिएको गुणस्तर सुनिश्चित हुने गरी घुम्ती सीप विकास तथा तालिम (Mobile Skill Development and Training) को व्यावस्था गरिनेछ ।<br>७. प्रत्येक स्थानीय तहबाट सीपको बदलिँदो आवश्यकतालाई परिपूर्ति गर्ने र वृत्ति (पेसा वा व्यवसाय) सँग सम्बन्धित सल्लाह (Career Counseling) को व्यवस्था गरिनेछ ।<br>८. प्रत्येक सामुदायिक विद्यालयमा एउटा प्राविधिक धारको शिक्षा सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ७. सिकाइका सबै विधि र मार्गहरु खुला गर्दै राष्ट्रिय योग्यता प्रणाली (National Qualifications System) को माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को सिद्धान्तको आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने । | १. साधारण शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को आधारमा शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने संयन्त्र र कार्यक्रम विकास गरिनेछ ।<br>२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्राप्त गरेका जनशक्तिलाई उनीहरुले हासिल गरेका सीप र दक्षता उल्लेख भएको सीप-राहदानी (Skill Passport) उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. राष्ट्रिय पेसागत सक्षमता मानक (National Occupational Competency Standard) को आधारमा पाठ्यक्रम, सिकाइ सामग्री र प्रशिक्षक तयार गरी सीप विकास तालिम प्रदायक संस्थाहरुले अनिवार्य रुपमा राष्ट्रिय मान्यता प्राप्त गुणस्तर मानकमा आधारित पत्यायन पमाणपत्र (Quality Assurance and Accreditation) लिनु पर्ने कानुनी व्यवस्था गरिनेछ । |
| ८. उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवं नतिजामुखी बनाउने । | १. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक सार्वजनिक शैक्षिक संस्थालाई आवश्यक पर्ने उच्च स्तरीय जनशक्ति उत्पादनका लागि विश्वविद्यालय तथा क्याम्पसहरु सँगको साझेदारमि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विज्ञान क्षेत्रमा प्रतिभावान विद्यार्थीको छनोट गरी विज्ञान प्रतिको रुचीलाई निरन्तरता दिने हरेक प्रदेशमा संघीय सरकारको लगानीमा राष्ट्रिय विज्ञान माध्यमिक विद्यालयको विकास गरी यस्ता विद्यालयमा अध्ययन गर्ने विद्यार्थी राष्ट्रिय प्रतिस्पर्धाका आधारमा छनोट गरिनेछ ।<br>३. उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थान र वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरुलाई ध्यानमा राखी खुला विश्वविद्यालय लगायत खुला एवं दूर शिक्षा प्रणालीको विस्तार र सुदृढीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ९. शिक्षण पेसामा दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालय अन्तर्गतका संकायहरु तथा शिक्षण तालिम प्रदायक संस्थाको पुनर्संरचना गर्ने । | १. उच्च शिक्षा नीति अनुरुप विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगका रुपमा पुनःसंरचना गरी उच्च शिक्षाको सुधार र विकासका लागि क्रियाशील बनाइनेछ ।<br>२. राष्ट्रिय प्राथमिकताका आधारमा कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इञ्जिनियरिङ, जलविद्युत, नवीकरणीय उर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई उच्च शिक्षामा सम्बद्ध गरी बाहिर जाने जनशक्तिलाई देशमा नै रहने वातावरण सिर्जना गर्न कार्यमूलक एंव रोजगारमूलक उच्च शिक्षाको विकास र विस्तारमा प्राथमिकता दिइनेछ ।<br>३. उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गरी अनुसन्धानमूलक एंव प्रवर्तनात्मक बनाउन प्रोउत्साहित गर्दै क्रेडिट ट्रान्सफरको व्यवस्था गरी गुणस्तर सुधारका लागि गुणूस्तर पत्यायन सुनिश्चितता गरिनेछ ।<br>४. उच्च शिक्षामा प्रवेश गर्ने जनशक्तिको पूर्वयोग्यता परीक्षा प्रणाली कार्यान्वयन गरिनेछ । साथै विदेश विश्वविद्यालयमा अध्यापन गर्ने जनशक्ति नेपाली विश्वविद्यालयमा भित्र्याउन उत्प्रेरित गरिनेछ । |
| १०. ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोजगार प्रवर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न नतिजामा आधारित लगानी पद्दति विकास गर्ने । | १. स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरुलाई कार्यस्थलमा व्यवहारिक अभ्यासका लागि स्वयम् सेवकको रुपमा स्थानीय तहसम्म परिचालन गरिनेछ ।<br>२. उच्च शिषा अध्ययन गर्ने विद्यार्थीहरुका लागि शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ ।<br>३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा औद्योगिक प्रशिक्षर्थी कार्यक्रम विस्तार गर्न तथा विद्यालय, शिक्षालय, तालिम प्रदायक संघ संस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकणका लागि औद्योगिक प्रशिक्षार्थी सहुलियत ऋण उपलब्ध गराउन सीप विकास बैङ्को अवधारणा लागु गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ११. ज्ञानको स्थान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरुलाई प्रविधियुक्त सिकाइ कन्द्रको रुपमा विकासगर्दै गुणास्तर सुनिश्चित एवं प्रत्यायन प्रणाली (Quality Assurance and Accreditation System) लाई सुदृढ, सबल एवं अनिवार्य बनाउने । | १. उच्च शिक्षाको गुणस्तर निर्धारण तथा प्रत्यायन गर्न एक स्वतन्त्र गुणस्तर निर्धारण तथा प्रत्यायन प्राधिकरण रहनेछ र निश्चित मापदण्डमा आधिरित स्वचालित प्रणाली विकास गरी उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको गुणस्तर प्रत्यायन गरिनेछ ।<br>२. उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रदान गरिने अनुदान तथा थप सुविधालाई गुणस्तर मापदण्डसँग आबद्ध गरिनेछ ।<br>३. सबै किसिमका शैक्षिक कार्यक्रमहरुलाई सूचना तथा सञ्चार प्रविधिले ल्याएका आवसरको उपयोग गरी अध्ययन अनुसन्धान कार्यमा सहयोग गर्न केन्द्रीय डाटासेन्टर बनाइनेछ र ई-पुस्तकालयको स्थापना र सञ्चालन गरिनेछ । |
| १२. अनौपचारिक शिक्षा तथा बैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवन पर्यन्त सिकाइलाई सुनिश्चित गर्ने । | १. औपचारिक, अनौपचारिक र अतिरिक्त माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइका सबै विधि र मार्गहरु खुला गर्न राष्ट्रिय योग्यता प्रणाली (National Qualifications System) विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सीपहरुको अभिलेखीकरण, सीप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्रहरुलाई सुदृढ गरिनेछ ।<br>२. पठन संस्कृतिको विकास तथा जीपनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा आधारभूत सुविधा सहितको पुस्तकालय र विद्युतीय-पुस्तकालय सेवा विस्तार गर्ने व्यवस्था मिलाइनेछ । |
| १३. परक्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई | १. परमपरागत र स्थानीय प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानलार्य उच्च शिक्षाको कार्यक्रममा आबद्ध गरी नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्न अनुसन्धान गरी उपयुक्तताको आधारमा विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने । | २. नेपलको आफ्नै मौलिक कला र संस्कृति समेटिएको र विशिक्ष्टतामा आधारित उच्च शिक्षण संस्थाको स्थापना र विकास मार्फत विशी विद्यार्थीहरुलाई समेत आकर्षित गरिनेछ । |
| १४. संरचना तथा कानुनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न शिक्षा र विज्ञान तथा प्रविधि सम्बद्ध सबै तह र निकायलाई तोकिएको कार्य सम्पादन र उपलब्धि प्रति जिम्मेवार बनाउने । | १. सार्वजनिक माध्यमिक विद्यालयमा क्रमश: अलग्गै प्रधानाध्यामकहरुको व्यवस्था गरी सबै प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवै नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी र प्रविधियुक्त बनाई विद्यालय एवं उच्च शैक्षिक संस्थाबाटै अनलाइन प्रणाली मार्फत सूचना प्रवाह व्यवस्था गरी प्रणालीलाई स्थानीय, प्रादेशिक र संघीय तहमा योजना निर्माण, कार्यान्वयन र अनुगमनमा उपयोग गरिनेछ । |
| | ३. शिक्षकले कक्षा कोठामा बिताउने समयलाई नियमित पठन पाठनसँग सुनिश्चित गरी कार्य सम्पादनलाई अनुदानसँग आबद्ध गरी शिक्षकहरुलाई पेसापक्रम सञ्चालन गरिनेछ ।<br>४. संघीय शासन प्रणाली अनुरुप शिक्षा र विज्ञान तथा प्रविधिसँग सम्बन्धित ऐन तथा निमावलीहरु आवश्यकता अनुसार तर्जुमा तथा संशोधन गरी विद्यालयबाट हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाई जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरुको सञ्चालन तथा कार्यसम्पादन स्तरको वार्षिक रुपमा कार्य सम्पादन परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. आधारभूत, माध्यमिक र उच्च शिक्षा सम्बन्धी शैक्षिक संस्था सञ्चालन तथा नियमनका लागि छाता ऐन तर्जुमा गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा १५ वर्षमाथिको साक्षरता दर ९० प्रतिशत पुगेको हुने, सबै गाउँपालिका र नगरपालिकाका वडाहरुमा सार्वजनिक सिकाइ केन्द्रहरु स्थापना भएका हुने, प्रारम्भिक बालविकासमा खुद भर्ना दर शतप्रतिशत पुगेको हुने, शत प्रतिशत बालबालिकाहरु बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना भएको हुने र आधारभूत तहको खुद भर्नादर शत प्रतिशत पुगेको हुने, आधारभूत तह पुरा गर्ने दर शत प्रतिशन पुगेको हुने र आधारभूत तहमा महिला शिक्षकको प्रतिशत कम्तीमा ५० कायम भएको हुनेछ । उच्च शिक्षाको कुल भर्ना दर २२ प्रतिशत र प्राविधिक उच्च शिक्षामा विद्यार्थीको सहभागिता ३० प्रतिशत पुगेको हुने र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको भूगोल, जनसंख्या र आवश्यकताको आधारमा पहुँच सुनिश्चित भएको हुनेछ । माध्यमिक शिक्षामा अध्ययन गर्ने मध्ये ३० प्रतिशत प्राविधिक धारमा र १५ प्रतिशत विज्ञान विषय अध्ययन गरेका हुनेछन् । कक्षा ५, ८, १०, र १२ मा विद्यार्थी उपलब्धि परीक्षण भएको हुनेछ । नमुना विद्यालय र स्थानीय र प्रदेश तहका शैक्षिक व्यवस्थापन सेवा प्रदायक संस्थाको कार्यसम्पादन परीक्षण गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने पद्दति स्थापना भई कार्यान्वयन भएको हनेछ । उच्च शिक्षा तर्फ गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पसहरुको संख्या ७० पुगेको हुनेछ ।

# ३. स्थानीय तहले अवलम्बन गर्न सक्ने अनिवार्य शिक्षा सम्बन्धी नीति नमुना

## अजयमेरु गाँउपालिका, शिक्षा नीति, २०७६

### १) पृष्ठभूमि

विकासका निम्ति शिक्षा अपरिहार्य हुन्छ। त्यसैले शिक्षालाई पूर्वाधार विकासको पनि पूर्वाधार मानिन्छ । शिालाई सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय बनाउनु अहिलेको पहिलो आवश्यकता हो । यसबाट नै समृद्ध नेपालको लक्ष्य हासिल गर्न सकिन्छ भन्ने अपेक्षा मुलुकले लिएको छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। जुन जनशक्ति समाज र मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि अपरिहार्य हुन्छ। त्यहि भएर मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाको विकास आवश्यक हुन्छ। शिक्षाको विकासका लागि स्पष्ट नीति चाहिन्छ जसले दीर्घकालिन सोच र दृष्टिकोण प्रदान गर्दछ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनुपर्ने भनि संबैधानिक व्यवस्था गरेको छ। यसैगरी अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको समेत प्रत्याभूत गरेको छ। यी हकको सुनिश्चितताका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउने नीति संविधानमा नै उल्लेख गरिएको छ । संविधानले राज्यको संरचनालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी विद्यालय शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

प्रस्तुत सन्दर्भमा नेपालको संविधान २०७२, नेपालको राष्ट्रिय शिक्षा नीति २०७६, पन्ध्रौ योजनाले लिएको शिक्षाको लक्ष्य, उद्देश्य तथा नीति, दिगो विकास लक्ष्य आदिले लिएको शिक्षा सम्बन्धी प्रावधानहरुलाई मूर्त रुप दिन अजयमेरु गाउँपालिकाले नयाँ शिक्षा नीतिको आवश्यकता महसुस गरी "अजयमेरु गाउँपालिकाको शिक्षा नीति २०७६" तर्जुमा गरेको हो । गाउँपालिकाको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नका लागि यस नीतिले योगदान गर्नेछ । "समृद्ध अजयमेरु हाम्रो अभियान, गुणस्तरीय शिक्षा हाम्रो पहिचान" नारालाई आत्मसाथ गरि अजयमेरु गाउँपालिकाको शिक्षा विकासका लागि यसको आवश्यकता छ ।

२) **वर्तमान स्थिति**

**क) नामाकरण:** कृत्युरवंशी रैका राजा नाग मल्लले डडेल्धुरालाई द्ध गड, पश्या, लुलान, रुपाल, बोगटा, पिपलकोट र भुत्यु गरी आठ वर्गमा विभालन गरी अजयमेरुकोट बाट शासन गरेको थिए । नेपालको संविधान २०७२ जारी भएपछि नेपाल राज्यलाई ७५३ वटा स्थानीय तह विभाजन गरेपश्चात डडेल्धुरा जिल्लाका तत्कालिन समैजी, भद्रपुर, अजयमेरु, चिपुर र देवल दिव्ययपुर गा.वि.स. हरुलाई मिलाई अजयमेरु गाउँपालिकाको निर्माण अजयमेरु नामाकरण गरी गरेको हो ।

**ख) क्षेत्रफल र अवस्थिति:** नेपालको नक्सामा सात नं. प्रदेशको डडेल्धुरा जिल्लामा पर्ने अजयमेरु गाउँपालिका ८०.५० डिग्री देखि ८०.५४ डिग्री पूर्वि देशान्तर र २९.३१ डिग्री देखि २९.३९ डिग्री उत्तरी अक्षांस सम्म अवस्थित छ । यसको क्षेत्रफल १४८.९ वर्ग कि.मि. रहेको छ । जुन नेपालको कुल क्षेत्रफलको ०.१ प्रतिशत र डडेल्धुरा जिल्लाको कुल क्षेत्रफलको ९.६८ प्रतिशत हो । यस गाउँपालिकाको पूर्वमा अमरगढी नगरपालिका, पश्चिम र उत्तरमा बैतडी जिल्ला र दक्षिणमा भागेश्वर गाउँपालिका पर्दछ । यस गाउँपालिकाको पश्चिम, पूर्व र दक्षिणी सीमानाको काम नदीनालाले गरेको छ ।

**ग) हावापानी:** यस गाउँपालिकाको हावापानी समशितोष्ण र सितोष्ण रहेको छ। लेकाली भेगको औषत तापक्रम हिउँदमा ० डिग्री सम्म र गर्मि याममा १५ डिग्री देखि २० डिग्री सम्म पुग्ने गर्दछ भने समसितोष्ण हावापानी पाइने मध्य पहाडी भेगमा हिउदमा र गर्मि याममा २० डिग्री देखि ३० डिग्री सम्म पुग्ने गर्दछ। यस क्षेत्रको अधिकांश भूभाग सल्ला, धूपीसल्ला, वाँज, तिखाँज, लागिगुराँस तथा अन्य बुट्यान र जडिबुटी तथा बनजंगलले ढाकेको छ।

**घ) सबैभन्दा अग्लो र होचो स्थानमा रहेको ठाउँ:** यस गाउँपालिकाको सबै भन्दा अग्लो स्थानमा रहेको ठाउँ वडा नं. ४ मा पर्छ भने सबै भन्दा होचो ठाउँ वडा नं. ६ मा पर्छ।

**ङ) ऐतिहासिक तथा धार्मिक स्थल:** अजयमेरु कोट, डागेश्वरी मन्दिर, विरवेताल, जगन्नाथ मन्दिर, समैजी आदि यहाँका प्रमुख धार्मिक स्थल हुन । यस क्षेत्रका सबै बासिन्दाहरुले गौरा पर्वलाई साताव्यापी रुपमा मनाउने चलन रहेको पाइन्छ।

**च) शैक्षिक अवस्था:** अजयमेरु गाउँपालिका सुदुरपश्चिम प्रदेशको डडेल्धुरा जिल्ला अन्तर्गत पर्दछ। यस गाउँपालिकालाई प्रशासनिक रुपमा ६ वडामा विभाजन गरिएको छ। यस गाउँपालिकामा शै.स. २०७५ सम्ममा सामुदायिक मा.वि. ९, सामुदायिक आधारभूत (१-८) सम्मका ८ वटा, सामुदायिक र संस्थागत आधारभूत (१-५) १५ वटा, सामुदायिक आधारभूत (१-३) एक गरी कुल ३३ विद्यालय सञ्चालनमा छन्। एनेक्स कार्यक्रम अन्तरगत प्राविधि तथा व्यावसायिक शिक्षा धारको एक माध्यमिक विद्यालय रहेको छ। समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र ११ र विद्यालयमा आधारित ३१ गरी ४२ संचालनमा छन्। प्रारम्भिक बाल विकास शिक्षामा ४२ सहयोगी कार्यकर्ता, प्राथमिक तहमा ८३ दरबन्दी २५ राहत अनुदान कोटा, निम्न माध्यमिक तहमा ३४ दरबन्दी र १० राहत अनुदान कोटा, माध्यमिक तह ((९-१२) सम्मा १६ दरबन्दी र ३४ राहत अनुदान कोटा रहेको छ। निजी

श्रोतमा प्राथमिक तह देखि माध्यमिक तहसम्म सामुदायिक र संस्थागत विद्यालयमा करिब ३० जनाको संख्यामा निजी श्रोतका शिक्षकहरु कार्यरत रहेका छन् । यस गाउँपालिकाको विद्यालयहरुमा पूर्व प्राथमिक कक्षाहरुको सञ्चालन, स्थानीय विषयको पाठ्यक्रमको निर्माण र पाठ्यपुस्तकको लेखनको सुरुवातिकरण, कक्षा १ देखि शैक्षिक सत्र २०७५ बाट अंग्रेजी माध्यममा कक्षा संचालन, विद्यालयमा ई हाजिरी, सिसी क्यामेरा जडानको सुरुवात, नतिजा सुचिकीकरण र कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई समेत पुरस्कार र SEE मा उत्कउष्ट विद्यार्थीलाई पुरस्कार लगायत स्थानीय श्रोतको अधिकतम परिचालन हुने शिक्षण सिकाइका असल अभ्यासहरु भइरहेका छन् ।

सामुदायिक विद्यालय तर्फ आधारभूत तथा माध्यमिक तहमा क्रमशः २ हजार ९०० र १ हजार ९८ गरी जम्मा ३९९८ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बाल विकास तथा शिक्षामा ५ सय २६ जना बालबालिका अध्ययनरत छन् ।

पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर ९१.०० प्रतिशत पुगेको छ । प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ८५.०० पुगेको छ । आधारभूत तह (कक्षा १ देखि ८) र माध्यमिक तह ( कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९१.०० प्रतिशत र ८१.०० प्रतिशत पुगेको छ । कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर क्रमशः ८९.२ प्रतिशत र ५१.५ प्रतिशत रहेको छ । लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९२ र १.०१ रहेको छ । विद्यालय कक्षा दोहोर्‍याउने दर कक्षा १ मा १२.७ प्रतिशत र कक्षा ५ मा १६ प्रतिशत तथा कक्षा ८ मा ४० प्रतिशतमा रहेको छ । साक्षरता दर ६ बर्ष माथिको ९० प्रतिशत र १५ वर्ष माथिको ९६.८९ प्रतिशत रहेको छ ।

**छ) जनसंख्या सम्बन्धी विवरण:** हालै गाउँपालिकले गरेको सर्वेक्षण अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १८८८१ रहेको र यसमा पुरुषको जनसंख्या महिला भन्दा केही बढी रहेको छ। अथवा लैंगिक अनुपात १०५ प्रतिशत रहेको छ। २०६८ सालको जनगणना अनुसार जनघनत्व १२१.९ रहेको छ। उमेर समूह अनुसारको जनसंख्या हेर्दा युवाको वाहुल्यता रहेको छ भने परिवार संख्या ३०९६ रहेको छ। औषत परिवार सदस्य संख्या ५ भन्दा बढी रहेको छ। यस गाउँपालिकाका जनसंख्याको ९८ प्रतिशत भन्दा बढीको आवाशिय इकाइको स्वामित्य आफ्नै घरमा रहेको छ। खाना पकाउन प्रयोग गरिने इन्धनमा दाउराको प्रयोग ९० प्रतिशत भन्दा बढिले गर्छन् भने बिजुली बत्ती नपुगेका परिवारको संख्या नगन्य मात्रामा रहेका छ। यस गाउँपालिकामा प्रायजसो सबैले डोटेली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्छन्। हिन्दु धर्म बाहेक अन्य धर्म मान्नेको संख्या नगन्य मात्रामा रहेको छ। बसाईसराइ गरी यस गाउँपालिकाबाट तराइतिर जाने र दोहोरो बसाइ भएका कारण यस गाउँपालिकामा जनसांरिख्यकीय असन्तुलन रहेको छ।

### ३) **समस्या र चुनौति**

गाउँपालिकाको शिक्षा प्रणालीले हासिल गरेका यी उपलब्धीको बाबजुद थप नयाँ चुनौती र समस्या हाम्रा सामु विद्यमान छन्। गाउँपालिकाको शिक्षामा मुलतः बालविकास केन्द्रको असन्तुलित विस्तार अर्थात सन्तुलन नहुनु, बालविकास केन्द्रको बैज्ञानिक नक्शाङ्कन हुन नसक्नु, सहयोगी कार्यकर्ताको स्थायित्व नहुनु, सहयोगी कार्यकर्ताको न्यून शैक्षिक योग्यता र तालिमको व्यवस्थापन हुन नसक्नु, बावविकास केन्द्रको कम्जोर भौतिक व्यवस्था हुनु, असमान उमेर समूहका बालबालिक हुनु, समन्वयको कमी हुनु, सिकाइ सामग्री अपुग हुनु, बालविकास केन्द्र व्यवस्थापन कोषको अभाव हुनु, अनुगमन र मूल्याङ्कन प्रभावकारी बन्न नसक्नु, आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालय भर्ना भै नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, शिक्षाको गुणस्तरमा कमी हुनु, शिक्षकहरुको दरबन्दी तह अनुसार नुहुनु, विद्यालयको समायोजन

तथा व्यवस्थापनमा कठिनाइ हुनु, विद्यालय सुधार योजना प्रभावकारी बन्न नसक्नु, परिक्षा प्रणाली र अनुगमनमा खासै परिवर्तन नहुनु, अभिभावको विद्यालयप्रति चासो र लगानी न्यून हुनु, दलित बालबालिकाहरुको पहुँच तथा निरन्तरता न्यून हुनु, नमुन विद्यालयको विस्तार गर्न नसक्नु, कक्षा केन्द्रहरुमा लक्षित समूहको निरन्तर रुपमा सहभागिता हुन नसक्नु, साक्षर गा.पा. घोषणा हुन नसक्नु, सामुदायिक अध्ययन केन्द्रको क्षमता वृद्धि हुन नसक्नु, अनौपचारिक प्राथमिक शिक्षा तथा खुला सिकाइका लागि पर्याप्त अवसरको अभाव हुनु, सामुदायिक अध्ययन केन्द्रहरु गा. पा. का सबै वार्डमा विस्तार हुन नसक्नु, प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा न्यून हुनु, अल्पकालिन तालिमका सहभागीर तालिम पश्चात व्यावसायमा सरीक नहुनु, शिक्षक तालिम आवश्यक मुखी नहुनु, तालिम पश्चात शिक्षकको तालिमको ज्ञान सीप प्रयोग गरे नगरेको बारे अनुगमन नहुनु, शिक्षकको वैयक्तिक विकासका कार्यक्रम नगरीनु, विद्यालय कर्मचारीहरुको पारिश्रमिक न्यून हुनु, विद्यालयको लेखा सम्बद्ध कर्मचारीहरुलाई तालिमको व्यवस्था नहुनु, प्रयाप्त तालिम र कार्यसम्पादन मूल्याङ्कनको कमी हुनु, क्षमता विकासका लागि योजनावद्ध कार्यक्रम नहुनु, अनुगमन तथा मूल्याङ्कनका लागि पर्याप्त जनशक्ति नहुनु, अनुगमन कर्तालाई तालिमको अभाव हुनु, जस्ता समस्याहरू गाउँपालिकाको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन् ।

विद्यालय तहको शिक्षाका सबै तहमा पहुँचलाई कायम राख्दै सार्वजनिक शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरूबीच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, शिक्षा र रोजगारीबीच तालमेल कायम गर्नु, प्रतिभा पलायन रोक्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती हुन् ।

**४) नयाँ नीतिको आवश्यकता**

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन् । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक परेको हो ।

**५) लक्ष्य**

नीतिले लिएका लक्ष्यहरु देहाय बमोजिम रहेका छन् :

क) विद्यालय तहको शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पूजीको विकासबाट गाउँपालिकाको आर्थिक समाजिक रुपान्तरण गर्ने ।

ख) शैक्षिक विकास तथा गणस्तरीय र परिणाममुखी शैक्षिक उपलिब्धि सहितको नमूना गाउँपालिकाको रुपमा अजयमेरु गाउँपालिकालाई रुपान्तरण गर्ने ।

**६) उद्‌देश्य**

नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु ।

ख) सबै नागरिकलाई साक्षर बनाउनु ।

ग) आधारभूत तहको शिक्षा पूर्णत अनिवार्य र निशुल्क गर्नु ।

घ) गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्नु ।
ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गर्नु ।
च) प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकासका लागि आवश्यक सहयोग र सहजीकरण गर्नु ।
छ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चितता गर्नु ।
ज) शिक्षा प्रणालीलाई सुदृढ, सक्षम र जवाफदेही बनाउनु ।
झ) शैक्षिक गुणस्तरका लागि राम्रो विद्यालय, राम्रो शिक्षण र राम्रो सिकाईको अवधारणा बमोजिम विद्यालय र शिक्षण संस्थाको सुदृढिकरण गर्नु ।
ञ) विद्यालय विकासमा सबै सरोकारवालाहरुको सार्थक सहभागिता सुनिश्चित गर्नु ।
ट) सामुदायिक विद्यालयहरुर्लाा सूचकका आधारमा नमुना बनाउनु ।
ठ) विद्यालय तहको शिक्षामा सक्षमता सहितको प्रत्येक कक्षा र विषयको सिकाइ उपलब्धि शैक्षिक सत्र २०७६ देखि प्रतिवर्ष २% ले बढाउनु ।

७) **नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरु**

नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् :

***अनौपचारिक र निरन्तर शिक्षा***

१. साक्षरताका कार्यक्रम सघन रुपमा सन्चालन गरिनेछ। प्रत्येक समुदायका गरीब, विपन्न र लक्षित समूह पहिचान गरी उनीहरुलाई साक्षरता र आयआर्जनका कार्यक्रम सन्चालन गरिनेछ। यस्ता कार्यक्रम सन्चालन गर्दा स्थानीय तहमा रहेका सामाजकि संघ संस्था र विद्यालयसँगको आवद्धता लिइनेछ ।

२. बाल शिक्षा, प्रौढ शिक्षा, बालिका शिक्षा, साक्षरोत्तर शिक्षा, सीपमूलक शिक्षा, सूचना र प्रविधि (आइ.सी.टि.) शिक्षा, चेतनामूलक शिक्षा लगायत सामाजिक रुढीवादी, अन्धविश्वास, कुरिति विरुद्ध सचेतना जगाउने खालका कार्यक्रमहरु विकास एकिकृत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

३. अभिभावक र नागरिकहरुमा सकारात्मक सोचको विकास गराउन अभिभावक शिक्षा, पुस्तकालय, शारीरिक अभ्यास केन्द्र, बाचनालय आदिको व्यवस्था गरिनेछ ।

४. प्रत्येक वार्डमा आवश्यकताअनुसार पुस्तकालय तथा अध्ययन केन्द्र व्यवस्था गरिने छ । यस्ता अध्ययन केन्द्रहरु बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ ।

५. प्रत्येक टोलमा वार्षिक रुपमा घुम्ती शिक्षा र स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

६. अनौपचारिक शिक्षाका कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न मातृभाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७. अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि आवश्यक सहजिकरण र सहयोगका लागि स्वयमसेवक र श्रोत शिक्षकको व्यवस्था क्रमश गरिनेछ ।

८. गाउँपालिका स्तरीय अनौपचारिक शिक्षाको पाठ्यक्रम तयार गर्नुका साथै विभिन्न किसिमका सन्दर्भ सामग्री तथा सिकाइ सामग्रीको व्यवस्था गरिनेछ ।

९. अनौपचारिक शिक्षा लिन आउने बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकहरुको लागि प्रत्येक ४/४ महिनामा सम्बन्धित ठाउँमै स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

१०. घरपरिवारमा जेष्ठ नागरिकको उचित सम्मानका लागि विद्यालय र स्थानीय तहमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

११. गाउँ शिक्षा क्षेत्रमा छुट्याउने कुल बजेटको ३ प्रतिशत अनौपचारिक शिक्षामा छुट्याउने व्यवस्था क्रमश कार्यान्वयन गरिनेछ ।

१२. अनौपचारिक शिक्षा लिएका बालबालिकाहरुलाई औपचारिक शिक्षातर्फ प्रवेश गर्नका लागि आवश्यक संयन्त्रसहित थप व्यवस्था गरिने छ ।

१३. अनौपचारिक र निरन्तर शिक्षाका विविध कार्यक्रमलाई कृषि, स्वास्थ्य, सरसफाइ, खानेपानी, बन आदिका कार्यक्रमसँग आवद्ध गरि सन्चालन गरिनेछ । यस्ता कार्यक्रम सन्चालनका लागि विद्यालय, आमासमूह, उपभोक्ता समूह, क्लबलगाएत विभिन्न संघसंस्थालाई थप सकृय बनाइनेछ ।

## *बालविकास कार्यक्रम र शिक्षा*

१. घरपरिवार र विद्यालयमा आधारित वालविकास कार्यक्रम बाल स्वास्थ्य, पोषण, बालहेरचाह आदिको व्यवस्था मिलाइनेछ ।

२. बालविकासका कार्यक्रम दूई तहमा (लेभल ए र लेभल बी) सन्चालन गर्ने व्यवस्था मिलाइनेछ .

३. बालविकास कार्यक्रम र शिक्षाका संलग्न बालबालिकाहरुलाई अभिभावकको संलग्नतामा दिवा खाजाको व्यवस्था गरिनेछ ।

४. बालविकास कार्यक्रम सन्चालनमा अभिभावक र अन्य सरोकारवालाहरुलाई समचित ढँगबाट परिचालन गरिनेछ ।

५. बालविकास कार्यक्रममा संलग्न पक्षलाई अन्तरर्कियाका साथमा विभिन्न सचेतनामूलक कार्यक्रममा सहभागि हुने अवसर सृजना गरिनेछ । विभिन्न विज्ञहरुसँग अन्तरक्रिया गर्ने अवसर सृजना गरिनेछ ।

६. बालविकास कार्यक्रममा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ । यीनीहरुको बीचमा सन्जाल स्थापना गरि अनुभव आदान प्रदान गर्ने वातावरण सृजना गरिनेछ ।

७. प्रत्येक विद्यालयमा बालविकास कार्यक्रमका लागि विशेष व्यवस्था गरिनेछ ।

८. प्रत्येक वडामा वाल उद्यान निमार्ण गरिनेछ ।

९. वालविकासका लागि आवश्यक सामग्री र सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ । सोको विकास र प्रयोगका लागि स्रोत शिक्षकको व्यवस्था गरिनेछ । स्थानीय तहमा सामग्री निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१०. बालविकास कार्यक्रममा आवश्यक पर्ने सहजिकरण सीप विकासका लागि उचित तालिमको व्यवस्था गरिनेछ ।

## *आधारभूत तह शिक्षा*

१. विद्यालयको सेवा क्षेत्रका सबै बालबालिकाहरु विद्यालयमा अनिवार्य रुपमा पुर्‍याउनका लागि विद्यालय के कति चाहिन्छन भन्ने सम्बन्धमा नक्शाङ्कन गरिनेछ । यसका आधारमा के कति विद्यालय आवश्यक पर्छन भन्ने विवरण तयार गरिनेछ ।

२. आवश्यक भएका स्थानमा नयाँ विद्यालय स्थापना गरिनेछ। बढि भएका स्थानमा विद्यालयहरुको समायोन गरिनेछ।

३. आवश्यक भएका स्थानमा वैकल्पिक र खुला शिक्षाका अवसर उपलब्ध गराइनेछ। यसका माध्यमबाट अध्ययन गर्ने बालबालिकालाइ औपचारिक शिक्षाको मूल प्रवाहमा ल्याउने व्यवस्था मिलाइनेछ।

४. वद्यालय, कक्षाकोठा, शिक्षक, शिक्षण सिकाइ आदिको मापदण्ड विकास गरिनेछ। यसका आधारमा कक्षाकोठा, फर्निचर, कक्षा व्यवस्थापन र शिक्षण सिकाइ कृयाकलाप सन्चालन हुने व्यवस्था मिलाइनेछ।

५. प्रत्येक विद्यालयमा शैक्षिक सामग्री र पुस्तकालयको व्यवस्था गरिनेछ।

## *माध्यमिक तह शिक्षा*

१. माध्यमिक तहसम्मको शिक्षापुर्ण रुपमा निशुल्क र अनिवार्य बनाइनेछ।

२. नक्शांकनमा उपयुक्त र आवश्यक देखिएका विद्यालयमा मात्र आवश्यक र पर्याप्त मात्रामा भौतिक पूर्वाधार निर्माण गरिनेछ।

३. विद्यालयको भौतिक पूर्वाधार निर्माण र मर्मतमा वालमैत्री, अपांग मैत्री र भुकुम्प प्रतिरोधी अवधारणा पूर्णत कार्यान्वयनमा ल्याइनेछ।

४. लक्षित समहको शिक्षा र सिप विकासका लागि विज्ञको सहयोग आवाशिय विद्यालय अवधारणा विकास गरी सोलाई कार्यान्वयनमा ल्याइनेछ।

५. प्रत्येक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला र ई लाइव्रेरी सहितको पुस्तकालय, आई.सि.टि. ल्याव कमश स्थापना गरिनेछ। यसको संचालनको लागि दक्ष जनशक्तिको व्यवस्था कमश गरिनेछ।

६. विद्यालयमा छात्राहरुलाई निशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ।

७. प्रत्येक माध्यमिक विद्यालयहरुमा पर्याप्त मात्रामा खेलकुद सामग्री र खेल शिक्षकको व्यवस्था कमश गरिनेछ।

८. विद्यालयको आन्तरिक परीक्षाका परीक्षाफल प्रकाशनको दिन अभिभावकको अनिवार्य उपस्थितिको व्यवस्था गरिनेछ .

९. माध्यमिक तहमा विद्यालय व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको १ पटक र शिक्षक अभिभावक संघको बैठक २ महिनाको कम्तीमा १ पटक

अनिवार्य बस्नुपर्ने र आवश्यकता अनुसार दुवै समितिको संयुक्त बैठक पनि बस्ने व्यवस्था मिलाइनेछ .

१०. अन्तर विद्यालय वा नमुना विद्यालयहरुका बीचमा शैक्षिक भ्रमण तथा अवलोकनको व्यवस्था गरिनेछ ।

११. अति विपन्न तथा पिछडिएका वर्गका वालवालिकाहरुलाई प्रोत्साहन सुविधा प्रदान गरी विद्यालय छोडने दरमा कमी ल्याइनेछ ।

१२. माध्यमिक विद्यालयमा पुरा समय काम गर्ने प्रधानाध्यापकको व्यवस्था गरिनेछ । प्रधानाध्यापकलाई थप प्रोत्साहन सुबिधाको ब्यबस्था क्रमश कार्यान्वयनमा ल्याइनेछ ।

१३. स्थानिय शैक्षिक सामग्री निमार्णका लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१४. विद्यालय व्यवस्थापन समितिको अध्यक्षको शैक्षिक योग्यता सम्भव भए सम्म कम्तीमा स्नातकतह हुनुपर्ने व्यवस्थाका लागि थप पहल गरिनेछ .

१५. न्युन सिकाइ उपलब्धि भएको विषयमा विद्यार्थीहरुलाई निशुल्क सहयोग उपलब्ध गराउन शिक्षकबाट थप कक्षा लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ । यसका लागि शिक्षकलाई थप सुविधा उपलब्ध गराइने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

## *भौतिक पूर्वाधारका सम्बन्धमा*

१. विद्यालयमा न्यूनतम मात्रामा भौतिक पुर्वाधार विकास र मर्मतलाई पहिला प्राथमिकतामा पुरा गरिनेछ । यस्ता कार्य गाउँपालिकाकातर्फबाट सन्चालन गरिनेछ ।

२. विद्यालय वातावरण सफा र हरियाली पूर्ण बनाउनका लागि विद्यालयलाई नै जिम्मेवार बनाइनेछ ।

३. खेल मैदान र पर्याप्त खेलकुद सामग्रीको व्यवस्था गरिनेछ ।

४. विद्यालयका कक्षा कोठामा विद्यार्थीको उमेर र कक्षा अनुसार फर्निचर व्यवस्थापन गरिनेछ ।

५. विद्यालयमा स्वच्छ खानेपानी व्यवस्था गरिनेछ । फोहरमैला व्यवस्थापनका लागि उचित व्यवस्था मिलाइनेछ ।

## *शिक्षकका सम्बन्धमा*

१. शुरुका कक्षामा कक्षाका आधारमा र माथिल्ला तहमा विषयका आधारमा शिक्षक व्यवस्था गर्न दरवन्दि मिलान तथा विशेष व्यवस्था अवलम्बन गरिनेछ ।

२. शिक्षक भर्नाका लागि गाँउपालिकाले एक अस्थायी शिक्षक छनौट समिति गठन गर्नेछ । उक्त समितिले लिखित, अर्न्तवार्ता र प्रयोगात्मक परीक्षाका आधारमा उत्कृष्ठ ठहरिएका व्यक्तिहरुको सूची तयार गर्नेछ र ६ महिनासम्म उक्त सूचीमा रहेका व्यक्तिहरुबाट अस्थायी शिक्षक नियुक्त हुने व्यवस्था अवलम्बन गरिनेछ ।

३. शिक्षकहरुको वृत्ति विकासका लागि विज्ञको सहयोगमा आवश्यक कार्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

४. शिक्षकलाई वर्षमा कम्तिमा पनि सात दिनको पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

५. शिक्षकलाइ प्रोत्साहन तथा पुरस्कारको व्यवस्थाका निम्ती विज्ञको सहयोगमा मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

६. प्राप्त शिक्षकहरुको अनुभवको प्रयोग गर्नका लागि उनिहरुलाइ क्षमताका आधारमा विज्ञ शिक्षक तयार गरिनेछ ।

७. प्रत्यक्षीकरणका अंगहरु प्रयोग गरी शिक्षण सिकाइ हुने व्यवस्था गरिनेछ ।

८. आवधिक रुपमा अनिवार्य रुपमा भाग लिन पर्ने गरि शिक्षक तालिमको व्यवस्था गरिनेछ । विद्यालयमा सिकाइ वातावरण प्रभावकारी बनाउन विद्यालयका सरोकारवाला सम्मिलित संयन्त्र निर्माण गरिनेछ ।

९. शिक्षक सरुवाको मापदण्ड विकास गरि सोको आधारमा मात्र सरुवा हुने प्रणाली अवलम्बन गरिनेछ ।

## *लक्षित समूहका लागि विशेष व्यवस्था*

१. दलित र विपन्न बालबालिकाहरुलाई थप छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२. अपांगता भएका बालबालिकाहरुको लागि अपांगमैत्री भवन र बसाइ व्यवस्थापन गरिनेछ ।

३. बहु अपांगता, सुस्त श्रवण भएका बालबालिकाहरुको लागि गाँउपालिका स्तरमा कम्तिमा एउटा विशेष कक्षा शिक्षण (कक्षा १ देखि ८) सम्मको आवासिय विद्यालय ब्यबस्था गरिनेछ।

## सूचना र प्रविधिका सम्बन्धमा

१. विद्यालय स्तरमा आइसिटिको प्रयोग तथा स्थापनाका लागि विज्ञको सहयोगमा आवश्यक कार्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

२. आइसिटिलाइ शिक्षकको वृत्तिविकाससंग जोड्ने व्यवस्था क्रमश कार्यान्वयनमा ल्याइनेछ।

३. विद्यालयमा आइसिटिमा आधारित सामग्रीहरुको प्रयोग र सुरक्षाका लागि सुरक्षित वातावरणको निर्माण गरिनेछ।

४. शिक्षण सिकाइमा आधारित एप्सहरुको विकासको व्यवस्था गरिनेछ।

५. विद्यालयमा क्रमश प्रयोगशालाको व्यवस्था गरिनेछ।

## विद्यार्थी सहयोग प्रणालीसम्बन्धी व्यवस्था

१. मातृभाषामा शिक्षा दिनकालागि स्थानीय तहमा नै शिक्षकहरुको ब्यबस्था क्रमश गरिनेछ।

२. हरेक विद्यालयमा अभिभावक र स्थानीय समुदायसँगको सहकार्य र सहयोगमा स्थानीय खाना नै दिवा खाजाको रुपमा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

३. हरेक विद्यालयमा स्थानीय प्रविधिमा आधारित घेरावारको व्यवस्था गरिनेछ। उपयुक्तताको आधारमा खेलमैदानको व्यवस्था क्रमश गरिनेछ।

४. प्रत्येक महिना विद्यालयमा वालवालिकाको नियमित स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ। यसका लागि प्राथमिक उपचार विद्यालय तहमा नै हुने व्यवस्था गर्न शिक्षकको क्षमता विकास गरिनेछ।

५. गाउँपालिकाले विद्यालय तहमा वर्षमा कम्तीमा १ पटक योग शिविर तथा बृहत स्वास्थ्य शिविर राख्ने व्यवस्था कार्यान्वयनमा ल्याउनेछ।

६. वर्षमा कम्तिमा एक पटक पालिका स्तरीय शैक्षिक सम्मेलन (खेलकुद,

विज्ञान तथा कृषी प्रदर्शनी अतिरीक्त.क्रियाकलापहरु) को आयोजना गरिनेछ।
७. विद्यालयमा हरेक हप्ता अतिरिक्त कियाकलाप सन्चालन गर्ने व्यवस्था मिलाइनेछ।
८. विद्यालय तहमा अभिभावकको सहकार्यमा दिवा खाजाको व्यवस्था गरिनेछ।
९. अति विपन्न, लक्षित र दलित समूहका बालबालिकाका लागि छात्रवृत्ति, पोसाक, मसलन्द लगायतका सामग्रीहरु कमश व्यवस्था गरिनेछ .
१०. विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण नियमित रुपमा गर्ने व्यवस्था मिलाइनेछ।

## *उच्च शिक्षा*

१. गाउँपालिकाको पायक पर्ने स्थानमा एउटा वहुमुखी क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ।
२. उच्च शिक्षाका लागि दक्ष र तालिम प्राप्त शिक्षकको व्यवस्था गर्न थप पहल गरिनेछ .
३. उच्च शिक्षाका शिक्षण संस्थाहरुमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थाका साथै अपाङ्गमैत्री, विद्यार्थीमैत्री पूर्वाधार निर्माणमा समन्वय र सहजीकरण गरिनेछ .

## *प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम:*

१. सूचना तथा प्रविधि (आई.सी.टि.) र व्यवसायिक शिक्षा सम्बन्धि आधारभूत तालिमको व्यवस्था गरिनेछ।
२. गाँउपालिकामा कम्तीमा एउटा प्राविधिक शिक्षालयको व्यवस्था गरिनेछ।
३. विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई उत्पादनमूलक कार्यक्रममा संलग्न बनाउनका लागि विज्ञको सहयोगका आवश्यक कार्यकम तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।

## *मूल्यांकन, अनुगमन तथा सुपरिवेक्षणका सम्बन्धमा*

१. विज्ञको सहयोगमा विद्यार्थी मूल्यांकनको ढाँचा र कार्ययोजना निर्माण गरि सोलाई कार्यान्वयनमा ल्याइनेछ ।

२. विद्यार्थीको मूल्यांकन पालिका तहका सबै विद्यालयमा एकै ढाँचा र समयतालिकाका आधारमा सन्चालन गरिनेछ ।

३. परीक्षा र मूल्यांकनका लागि पालिका तहमा कार्यतालिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । यसमा अभिभावकलाई प्रत्यक्ष रुपमा संलग्न गराइनेछ ।

४. हरेक विद्यालयमा वर्षमा दुइपटक शिक्षक र अभिभावकका बीचमा विद्यार्थी प्रगतिका सम्बन्धमा अन्तरक्रिया गर्ने कार्यक्रम सन्चालन गरिनेछ ।

५. विज्ञ र सरोकारवाला सम्मिलित अनुगमन मुल्याङ्कन सुपरिवेक्षण समिति गठन गरिनेछ । यसको पृष्ठपोषण तत्काल कार्यान्वयन गर्ने वातावरण मिलाइनेछ ।

६. विद्यालय अनुगमन र सुपरिवेक्षणमा कार्ययोजना निर्माण गरी संयुक्त रुपमा कार्य अगाडि बढाइनेछ ।

## *विविध व्यवस्था*

१. पालिका तहमा लिड विद्यालय र समूह विद्यालयको अवधारणा बमोजिम विद्यालयहरुलाई समूहकृत गरिनेछ । समूह विद्यालयहरुका शैक्षिक कृयाकलाप लिड विद्यालयको समन्वय र नेतृत्वमा सन्चालन गर्ने व्यवस्था मिलाइनेछ । लिड विद्यालयहरुको बीचमा आवश्यक सन्जाल स्थापना गरि समन्वय र सहजिकरण गरिनेछ ।

२. शिक्षक, विद्यार्थी, अभिभावक, राजनैतिक नेतृत्व र अन्य सरोकारवालाहरुको आचारसंहिता वनाई कार्यान्वयनमा ल्याइनेछ ।

३. समुदाय र शिक्षण संस्था बीच विभिन्न कार्यक्रमहरु समन्वयात्मक ढँगबाट सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. पालिका तहमा अनुगमन विज्ञ, सहजकर्ता, विज्ञ शिक्षक, परामर्शदाता, खेलकुद शिक्षक, संगित शिक्षक, अतिरिक्त कियाकलाप विज्ञ, सुरक्षा विज्ञ,

स्वास्थ्य विज्ञ, पोषण विज्ञ, बाल विज्ञ, आदिको सूची तयार गरेर राखिनेछ। आवश्यकताअनुसार उनीहरुलाई आवश्यक देखिएका स्थानमा परिचालन गरिनेछ।

५. गाउँपालिकाले आवधिक रुपमा हरेक विद्यालयको अनुगमन गर्नेछ।

६. विद्यालयमा विद्यार्थी संख्याको उपलब्धताको आधारमा योजना निर्माण गर्ने पद्धति निर्माण गरिनेछ।

७. विद्यालयको व्यवस्थापनमा सोहि समुदायका अभिभावकलाइ जिम्मेवार बनाउन आवश्यकताअनुसारका समिति बनाइनेछ।

८. हरेक विद्यालयमा कम्तिमा तीन महिनामा एक पटक अभिभावक भेला बोलाइनेछ।

९. शिक्षक अभिभावक संघलाइ सक्रिय बनाउन प्रत्येक महिनाको पहिलो शुक्रबार बैठक बस्नै पर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

१०. अभिभावकहरुलाइ समयसमयमा अभिभावक शिक्षा र अभिभावकको भूमिकाका बारेमा जानकारी दिनका लागि विज्ञहरुसँग अन्तरक्रिया गर्ने वातावरण सृजना गरिनेछ।

११. विद्यालयसँगको सहकार्य र सहयोगमा विद्यालयमा खेलकुद सामग्रीको व्यवस्था गरिनेछ।

१२. शिक्षक, अभिभावक र विद्यार्थीहरुको बीचमा विद्यार्थी सिकाइका लागि अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ।

१३. विद्यालयहरुको बीचमा प्रतिस्पर्धात्मक वातावरण सृजना गर्न विद्यालय विकासको प्रस्तावना तयार गर्न लगाइ सोको आधारमा थप बजेटको व्यवस्था गरिनेछ।

१४. शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले तोके अनुसारको तलव लगाएत अन्य सुविधा तोकिएकै समयमा उपलब्ध गराइनेछ। शिक्षक तथा कर्मचारीको तलबभत्तालगाएत अन्य सुविधा बैंकमार्फत भुक्तानि गर्ने व्यवस्था मिलाइनेछ।

१५. निजि विद्यालयका लागि विज्ञको सहयोगमा आवश्यक मापदण्ड विकास गरी सो को परिपालना गर्ने व्यवस्था अनिवार्य गरिनेछ।

१६. विज्ञको आधारमा मापदण्ड तर्जुमा गरी संस्थागत बिद्यालयको नियमन गरिनेछ। सामुदायिक र संस्थागत विद्यालयको बीचमा साझेदारीको अवधारणा बमोजिम विभिन्न कार्यक्रम सन्चालन गरिनेछ।

१७. विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई विद्यालयको विकासप्रति जवाफदेही बनाउनका लागि सार्बजनिक सुनुवाइलाई अनिवार्य बनाइनेछ।

## ८) संरचनागत व्यवस्था

शिक्षा नीति कार्यान्वयनका लागि अजयमेरु गाँउपालिका तह भित्रका सरकारी एवम् गैर ससकारी संस्था, निकाय र संरचनालाई परिचालन गरिनेछ। नीति कार्यान्वयनका लागि नयाँ छुट्टै संरचना निर्माण गरिने छैन। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, प्रधानाध्यापक, बाल क्लव, अभिभावक आदिलाई अधिकतम रूपमा परिचालन गरिनेछ। स्थानीय क्षेत्रमा कृयाशिल युवा क्लव, आमा समूह, उपभोक्ता समूह र गैर सरकारी संस्थाहरूलाई पनि उपयुक्त ढंगबाट परिचालन गरिनेछ।

यस नीतिका प्रावधान कार्यान्वयन र अन्य स्थानीय तह एवम् संघ र प्रदेश सरकारसँग समन्वय गर्ने कार्य अजयमेरु गाउँपालिका सरकारले लिनेछ। गाउँपालिकाले नीति कार्यान्वयनको समग्र नेतृत्व र सहजीकरण गर्ने कार्यमा नेतृत्व प्रदान गर्नेछ। नीति कार्यान्वयनको क्रममा आवश्यकता अनुसार विभिन्न निकाय, पदाधिकारी र संरचनालाई थप र विशेष जिम्मेवारी पनि दिइनेछ। विद्यालयहरूको बीचमा सञ्जाल स्थापना गरी असल अनुभवको आदान प्रदान गर्ने वातावरण सृजना गरिनेछ। राजनैतिक नेतृत्वबाट अनुगमन गर्ने र नियमन गर्ने कार्य गरिनेछ।

## ९) आर्थिक पक्ष

नीति कार्यान्वयनका लागि स्रोत र साधनको आवश्यकता पर्छ। यस नीतिका आधारमा नयाँ कानून तर्जुमा गरिनेछ। नीतिका प्रावधान कार्यान्वयनमा ल्याउन कार्यक्रम र बजेट तर्जुमा गरिनेछ। बजेट तथा कार्यक्रमलाई आवधिक र वार्षिक रूपमा बाँडफाँड गरिनेछ।

नीतिले अपेक्षा गरेका उपलब्धि हासिल गर्न र स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि सरकारी स्रोतलाई प्रमुख आधारको रूपमा लिइनेछ । सरकारी स्रोत अन्तर्गत अजयमेरु गाउँ पालिकाको आफ्नै बजेट, सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त रकम र संघीय सरकारबाट प्राप्त रकम समावेश गरिनेछ । राम्रा र आकर्षक योजना र कार्यक्रम तर्जुमा गरी आवश्यक स्रोतको व्यवस्था गर्नका लागि सुदुरपश्चिम प्रदेश सरकार र नेपाल सरकार समक्ष पेश गरिनेछ । थप बजेटका लागि अनुरोध गरिनेछ ।

नीति कार्यान्वयनका लागि सरकारी स्रोतका साथमा स्थानीय स्तरमा कार्यरत गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम, चन्दा सहयोग एवम् दान दातव्यबाट प्राप्त रकमलाई पनि परिचालन गरिनेछ । स्थानीय स्तरबाट संकलित रकम स्थानीय जनताका लागि भन्ने अवधारणा अनुरुप स्थानीय स्रोतको परिचालन गरिनेछ । कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि जोड कोषको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

साथै अजयमेरु गाउँ पालिकाका तर विदेश र स्वदेशकै विभिन्न स्थानमा वसी उद्यम तथा व्यवसाय गर्नेहरूलाई शिक्षामा सहयोग गर्नका लागि अनुरोध गरी थप रकम संकलन गरि उक्त रकमलाईलाइ समेत शिक्षा नीति कार्यान्वयनमा ल्याउनका लागि प्रयोग गरिनेछ । त्यस्ता दातालाई प्रोत्साहन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

उपलब्ध स्रोतको सदुपयोग र प्रभावकारी परिचालनका लागि प्राथमिकीकरण गर्ने, चुहावट रोक्ने, अनियमितता नियन्त्रण गर्ने जस्ता कार्यलाई प्रमुख महत्वका साथ कार्यान्वयनमा ल्याइनेछ ।

**१०) कानूनी व्यवस्था**

अजेयमेरु गाउँपालिकाको यो नीति कार्यान्वयनका लागि शिक्षा ऐन तर्जुमा गरिनेछ। सुदुरपश्चिम प्रदेश सरकारले तय गरेको कार्यविधि बमोजिम मात्र शिक्षा ऐन तर्जुमा गर्नुपर्ने भएकोले सो व्यवस्था नभएसम्म पालिकाले कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ। संघीय र प्रदेश सरकारबाट प्राप्त नीति र कार्यक्रम तत् तहका सरकारका कानून र कार्यविधिले तय गरे बमोजिम हुनेछ। शिक्षा ऐन तर्जुमा गर्दा संविधान, संघीय र प्रादेशिक ऐनका साथमा अन्तर्राष्ट्रिय मूल्य मान्यता आदिलाई पनि ध्यानमा राखिनेछ।

यस शिक्षा नीति र शिक्षा ऐनको परिधिभित्र रहि प्रत्येक विद्यालयलाई आ-आफ्नो चार्टर (कार्यविधि) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

कार्यपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधिका साथमा निर्णयहरू गरी नीतिका प्रावधानहरु क्रमश कार्यान्वयनमा ल्याइनेछ। प्रत्येक वाल विकास केन्द्र, सामुदायिक अध्ययन केन्द्र र शिक्षण संस्थाहरुलाई आ(आफ्नो तहमा आचार संहिता तयार गरी सो को कार्यान्वयनमा प्रोत्साहन गरिनेछ।

**११) अनुगमन तथा मूल्यात्तन**

नीति कार्यान्वयन र अनुगमन योजना तयार गरिनेछ। यसमा कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवार निकाय, संरचना र पदाधिकारीको पहिचान गरी आवश्यक जिम्मेवारी दिइनेछ। अनुगमन सूचक निर्धारण गरी सोको आधारमा प्रकृया अनुगमन र प्रभाव वा असर अनुगमन गरिनेछ। अनुगमनमा आवधिक र स्वचालित अनुगमन पद्धति विकास गरि कार्यान्वयनमा ल्याइनेछ। सूचना व्यवस्थापन प्रणाली र अनुगमन प्रणालीको विचमा समन्वय र आवद्धता कायम गरिनेछ।

आवश्यकता अनुसार वाह्य अनुगमन पनि प्रयोगमा ल्याइनेछ। अनुगमनका लागि विज्ञहरुको रोष्टर (सूची) तयार गरिनेछ। विज्ञहरुबाट पनि आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन कार्य अगाडि वढाइनेछ। अनुगमनमा

नियमन भए नभएको, जवाफदेहीता सूनिश्चित भए नभएको जस्ता कार्यहरु हेरी सोबाट प्राप्त सुझावका कार्यान्वयन हुने व्यवस्था सुनिश्चितता गरिनेछ।

विज्ञहरुको सहयोगमा नीति, नीतिका आधारमा तर्जुमा गरी कार्यान्वयन गरिएका कार्यहरुको मूल्याङ्कन पनि आवश्यकता अनुसार गरिनेछ। यस्ता मूल्याङ्कनवाट प्राप्त प्राप्ति तथा सुझावहरु कार्यक्रमका परिमार्जन र नयाँ कार्यक्रम तर्जुमाकालागि प्रयोग गरिनेछ।

१२) **जोखिम तथा अवरोध**

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्वन्धी अधिकार र जिम्मेवारी पुरा गर्न यो नीति तर्जुमा गरिएको हो। तसर्थ यो नीतिले महत्वपूर्ण लक्ष लिएको छ। यस्ता लक्ष तोकिएको समयमा प्राप्त गर्नको लागि संरचनागत व्यवस्था, कानूनी व्यवस्था, वित्तिय व्यवस्था, संस्थागत क्षमता, जनशक्तिको व्यवस्था आदिजस्ता पक्षहरु अनुकुल वन्न सक्नु पर्छ। नीति कार्यन्वयन गर्ने जिम्मेवारी गाँउपालिकाको हो। यसो भनेर गाँउपालिका एक्लैले मात्र नीति कार्यान्वयन गर्न सक्छ भन्ने पनि होइन। संघ र प्रदेश सरकाबाट प्राप्त हुने सहयोगको मात्रा र नीतिगत स्पष्टता तथा समन्वयले नीति कार्यान्वयनमा असर पार्न सक्ने भएकोले यसलाई प्रस्तुत नीतिका चुनौति र अवसर दुवैका रूपमा लिइएको छ।

नीति कार्यन्वयनका लागि आवश्यक स्रोतको व्यवस्था, संस्थागत क्षमता, सरोकारवालाको सहभागिता र परिचालन आफैमा यससंग सम्वन्धित संवेदनशिल क्षेत्रहरु हुन्। यसमा अपनाइने सावधानी र जोखिमहरुको समयमै सम्वोधन हुनु जरुरी छ।

नीतिले सरोकारवालाहरुको कार्य व्यवहार र कार्य संस्कृतिमा परिवर्तन र संसोधनको अपेक्षा गरेको छ, जुन कार्य आ-आफैमा चुनौतीपूर्ण छ। ऐन नियम कार्यविधि तर्जुमा गर्ने क्षमतायुक्त जनशक्तिको व्यवस्था समयमै गरिनु आवश्यक छ। समयमा व्यवस्थापन गर्न नसकिएमा कार्यमा अवरोध सृजना हुन सक्छ।

नीति कार्यान्वयनका लागि कानूनी, संरचना, जनशक्ति, स्रोतसाधनको व्यवस्था आवस्यक हुन्छ । यसमा आउने अवरोधले समग्र नीति कर्यान्वयनमा प्रभाव पार्ने निश्चित छ तसर्थ गाँउपालिकाले समयमै नीति कार्यान्वयन गर्न र यसवाट अपेक्षित उपलब्धि हासित गर्न आवश्यक सावधानी अपनाउनेछ । सरोकारवालाहरुको सकृय सहभागितामा कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, जवाफदेहीता सुनिश्चित गर्ने कार्यमा जोड दिइनेछ । जोखिम र अवोधहरु समयमै पहिचान गरी सो को सम्बोधनका लागि विशेष ध्यान दिइनेछ । माथि उल्लेख गरिए झैँ नीति कार्यान्वयनको नेतृत्व गाँउपालिकाले लिनेछ जसमा राजनैतिक नेतृत्व र पदाधिकारीलाई परिचालन गरिनेछ । विभिन्न क्षेत्रका सरोकारवालाहरु कै सहभागितामा सुधारका कार्य अवलम्वन गर्न परिवर्तनका संवाहकहरुलाई थप उत्प्रेरित गरिनेछ ।

# ४. राष्ट्रिय शिक्षा नीति २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षाको बारेमा गरेका मुख्य व्यवस्थाहरूको सूची

## राष्ट्रिय शिक्षा नीति, २०७६

### १. विषय प्रवेश

नेपाल सरकार, मन्त्रीपरिषद्बाट मिति २०७६।७।१८ मा स्वीकृत भएको राष्ट्रिय शिक्षा नीति, २०७६ (यसपछि 'शिक्षा नीति' भनिएको) शिक्षाको समग्र पक्षलाई समेटेर तर्जुमा गरिएको एक वृहत् नीतिगत दस्तावेज हो । यस शिक्षा नीतिले नेपालको संविधानले लक्षित गरेको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने लगायतका मौलिक हकको कार्यान्वयन गर्ने अभिप्राय लिएको पाइन्छ । त्यसैगरी, व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गरी राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको परिचालन गर्नु आवश्यक हुन्छ । शिक्षा नीति यसैमा परिलक्षित देखिन्छ ।

त्यसैगरी, देश संघीय ढाँचामा गएपछि सोहीअनुरूप सरकारका तीनवटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्न तथा शिक्षा क्षेत्रका राष्ट्रिय शिक्षा नीति, २०७६ को कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्नेछ । त्यसैगरी राष्ट्रिय शिक्षा विभाग, राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र लगायतका निकायहरूले आ-आफ्नो क्षेत्राधिकार भित्र रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्नेछन् । केन्द्रीय सरकारका अतिरिक्त प्रत्येक स्थानीय तह र प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयले क्रमशः आफ्नो स्थानीय तह र प्रदेश क्षेत्रभित्रको नीति कार्यान्वयन स्थितिको अनुगमन तथा

मूल्याङ्कन गर्नेछन् । लाई एकिकृत गरी समन्वयात्मक हिसाबले कार्यान्वयन गर्न, गराउन यो शिक्षा नीति लागू गरिएको पाइन्छ ।

## २. दूरदृष्टि तथा लक्ष्य

यस शिक्षा नीतिको दूरदृष्टि "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रूपान्तरण र समृद्धि" रहेको छ भने लक्ष्य 'सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने' रहेको छ ।

## ३. उद्देश्य एवं रणनीतिहरू

शिक्षा नीतिमा कूल १३ वटा उद्देश्यहरू रहेका छन्, तीमध्ये प्रदेश सरकारको जिम्मेवारीका सन्दर्भमा प्रत्यक्ष सरोकार राख्ने देहायका उद्देश्यहरू रहेका छन् :

- बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु (८.१),
- आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु (८.२),
- गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु (८.३),
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु (८.४),
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु (८.७),
- शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता,

इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु । (८.८)

- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु । (८.९)
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु । (८.१०)
- शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु (८.१२) ।

उल्लिखित उद्देश्यहरूका सन्दर्भमा देहाएका रणनीतिहरू लिइएको छ :

| **उद्देश्य** | **रणनीति** |
|---|---|
| बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु । | ● उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने ।<br>● तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्व तयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने । |
| आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु | ● अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने ।<br>● सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र |

| उद्देश्य | रणनीति |
|---|---|
| | माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने । |
| गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु | ● सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने ।<br>● माध्यमिक शिक्षामा सरकार, निजी क्षेत्र र सहकारी समेतको सहभागितामा प्रभावकारी व्यवस्थापन गर्ने । |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु | ● स्वायत्तता, विकेन्द्रीकरण, साँझेदारी, लचिलोपना र सरल नियमन व्यवस्था गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने ।<br>● प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवं साँझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने ।<br>● प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गर्ने ।<br>● राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपविकासका अवसरहरू सबैलाई प्रदान गर्ने । |
| सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र | ● भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने ।<br>● अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष |

| उद्देश्य | रणनीति |
|---|---|
| प्रतिस्पर्धी नागरिक तयार पार्नु | शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने । |
| शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु | ● दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने ।<br>● विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा अध्यापन वा प्रशिक्षण गर्ने जनशक्तिको सक्षमता परीक्षण र तालिमलाई अनिवार्य गर्ने । हाल कार्यरत शिक्षकको सक्षमता परीक्षणको व्यवस्था गरी पेसागत सक्षमता, अद्यावधिकता, उत्प्रेरणा, कार्यसम्पादनस्तर र अनुभव जस्ता पक्षहरूलाई शिक्षकको बृत्ति विकाससँग आवद्ध गर्ने ।<br>● विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने ।<br>● विश्वविद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गरेका मेधावी विद्यार्थीहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने ।<br>● तीनै तहका सरकारका शैक्षिक सेवाप्रदायक संरचनाहरूलाई आवश्यकता अनुसार पुनःसंरचना, सुदृढीकरण र सवलीकरण गरी दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने । |
| | ● विद्यालय, प्राविधिक शिक्षालय र उच्च शिक्षा प्रदायक सार्वजनिक, सामुदायिक तथा निजी शिक्षण संस्थाहरूको नक्साङ्कन, समायोजन र स्तरोन्नति गर्ने ।<br>● सूचना तथा सञ्चार प्रबिधिलाई शिक्षण सिकाइ |

| उद्देश्य | रणनीति |
|---|---|
| | प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने । सङ्घ, प्रदेश र स्थानीय स्तरमा अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) को सुदृढीकरण गर्ने । |
| सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु | • अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने ।<br>• विद्यालय शिक्षातर्फ कम्पनीको रुपमा सञ्चालित निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन गर्ने । |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु | • शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने । |
| शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु | • विद्यालय तथा उच्च शिक्षामा तीनै तहका सरकारको लगानी बृद्धि गर्ने ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी क्रमशः बृद्धि गर्दै जाने र यस क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने । |

## ४. नीति तथा कार्यनीतिहरू

शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरूको परिधिभित्र रही देहाय बमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ । यस नीति दस्तावेजमा रहेका कतिपय सान्दर्भिक विषयहरू प्रदेश र स्थानीय तहबाट पनि कार्यान्वयन हुनेछन् भने प्रदेश र स्थानीय तहले स्थानीय आवश्यकताअनुसार यो नीति प्रतिकूल नहुने गरी आफ्नै रणनीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछन् ।

शिक्षा नीतिमा समावेश भएका क्षेत्रगत नीति तथा प्रदेश सरकार समेतका जिम्मेवारी अन्तर्गत रहेका कार्यनीतिहरू देहाय अनुसार रहेका छन् :

### (क) प्रारम्भिक बालविकास तथा शिक्षा नीति

१०.१ नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने ।

१०.१.१ प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजीकरण गर्ने व्यक्तिको योग्यता र क्षमता भएको जनशक्ति प्रारम्भिक बालविकास सहजीकरण प्रक्रियासँग सम्बन्धित विभिन्न पक्षको राष्ट्रिय मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.२ तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरूमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ ।

१०.१.३ स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान निर्माण गरिनेछ ।

१०.१.४ विद्यालयमा सञ्चालन गरिने प्रारम्भिक बालविकास कक्षा विद्यालयको हाताभित्र छुट्टै भौतिक संरचना खडा गरी सञ्चालन गर्नुका साथै विद्यालय टाढा भएका कारण बालविकास कक्षाको पहूँचभन्दा बाहिर रहेका बालबालिकालाई लक्षित गरी नजिकको विद्यालयको समन्वयमा समुदायस्तरमा वैकल्पिक प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने व्यवस्था स्थानीय तहबाटै मिलाइनेछ ।

१०.१.५ चार वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा नेपाल सरकार र प्रदेश सरकारको अनुदान तथा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा एक वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१.६ दुर्गम, पिछडिएको क्षेत्र र सीमान्तकृत समूहका बालबालिकाहरूको समेत पहूँच सुनिश्चित गरी आवश्यकताको आधारमा हालको बालविकास केन्द्रहरूको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।

१०.१.७. आर्थिक रुपले विपन्न अपाङ्गता भएका, आर्थिक रुपले विपन्न दलित र आर्थिक रुपले विपन्न दुर्गम क्षेत्रका बालबालिकाका लागि निःशुल्क प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गरिनेछ ।

१०.१.८. पाँच बर्षभन्दा कम उमेरका बालबालिकाहरूको स्याहार, पोषण र स्वास्थ्य विकासका लागि अभिभावकको लगानीमा विद्यालयभित्र वा बाहिर बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

**नीति १०.२ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्ने ।**

१०.२.१. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी संख्याका आधारमा आवश्यक शिक्षकको आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२.२. प्रारम्भिक बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षकको न्यूनतम् योग्यता माध्यमिक शिक्षा परीक्षा (कक्षा दश) वा सो सरह हुने गरी कानूनी व्यवस्था मिलाइने छ ।

१०.२.३. प्रारम्भिक बालविकास कक्षामा अध्यापन तथा सहजीकरण गरिरहेका तर तोकिएको योग्यता नपुगेका शिक्षकहरूको योग्यता बढाउन नियमित तथा विशेष प्रशिक्षण कार्यक्रममा सहभागी हुन पाउने व्यवस्था मिलाइनेछ ।

१०.२.४. प्रारम्भिक बालविकास शिक्षकलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिम न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ । त्यस्ता शिक्षकको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

**नीति १०.३ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाको तयारीका लागि पर्याप्त पूर्वाधार व्यवस्था गरी अभिभावकको समेत सहभागितामा बालविकास कक्षामा गुणस्तरीय पूर्वाधार र गतिविधिहरू व्यवस्थित, प्रभावकारी र बालमैत्री बनाइने ।**

१०.३.१. बालबालिकाको सर्वाङ्गीण विकासका निमित्त अभिभावकलाई प्रेरित गर्न स्थानीय तहका शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका निकायहरूको संयुक्त सहभागितामा अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।
१०.३.२. एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका

कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गर्न स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१०.३.३ प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सरसफाइ, हेरचाह, खाजा तथा अन्य कार्यमा सहयोग पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

१०.३.४. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने खालका आवश्यक सामग्री व्यवस्था गरिनेछ ।

१०.३.५. प्रारम्भिक बालविकास सम्बन्धमा संघीय तहबाट नीति तथा मापदण्ड निर्धारण र समन्वय कायम गर्न राष्ट्रिय शिक्षा परिषद् अन्तर्गत प्रारम्भिक बालविकास समन्वय समिति र स्थानीय तहमा गाउँ/नगर शिक्षा समिति मातहत रहने गरी प्रारम्भिक बालविकास उपसमिति गठन गरी परिचालन गरिनेछ।

१०.३.६ बालविकास कक्षा तथा बालविकास केन्द्रहरूको अनुगमन तथा निरीक्षणका लागि तहगत संयन्त्र विकास गर्नुका साथै सुपरिवेक्षकको क्षमता विकास गरिनेछ।

## (ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा

**नीति १०.४. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।**

१०.४.१ विद्यालय र स्थानीय तहको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा बिधार्थी भर्ना अभियान सञ्चालन गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको ब्यबस्था सुनिश्चित गरिनेछ।

१०.४.२ आधारभूत विद्यालयमा उमेर समूहका आफ्ना परिवारका बालबालिकाहरूलाई विद्यालय भर्ना नगराएमा कानून बमोजिम दण्डित हुने तथ्य अभिभावकहरूलाई बोध गराउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४.३ सामान्यतया आधारभूत तहका बालबालिकाले आधा घण्टाको दुरीभन्दा बढी हिंड्नु नपर्ने गरी विद्यालयको नक्शाङ्कन, समायोजन र मिलान गरिनेछ । सो भन्दा बढी दुरीमा रहेका र विद्यालय खोल्न सम्भव नभएका स्थानका बालबालिकाका लागि आबास वा यातायात सुविधाको क्रमशः व्यवस्था गर्दै लगिनेछ ।

१०.४.४ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सही रुपमा कार्यान्वयन भए नभएको एकिन गर्न तीनै तहका सरकारबाट स्थलगत रुपमा अनिवार्य अनुगमनको व्यवस्था मिलाइनेछ ।

**नीति १०.५ विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत बिद्यालयहरूलाई सेवाक्षेत्र** (School Zone) **को अवधारणा अनुरुप ब्यबस्थित गर्ने ।**

१०.५.१ संघीय सरकारको शिक्षा हेर्ने मन्त्रालयबाट निर्दिष्ट गरिएको विद्यालय सेवा क्षेत्र निर्धारणका आधार, निर्धारित मापदण्ड र मानक अनुसार स्थानीय तहले विद्यालय सेवाक्षेत्रको अवधारणा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

१०.५.२ सबै बालबालिकाहरूलाई नजिकको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

**नीति १०.६ आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।**

१०.६.१ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.६.२ स्थानीय तहबाट आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाइने छ ।

१०.६.३ निवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न सक्षम भएका गाउँ वा नगरपालिकाहरूलाई सम्मान गर्ने परिपाटी संस्थापन गरिनेछ ।

१०.६.४ अनिवार्य शिक्षाका मापदण्ड तथा सूचकहरू निर्धारण गरी सोको प्राप्ति भए नभएको सम्बन्धमा आवधिक रुपमा मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ

१०.६.५ स्थानीय तहको नेतृत्वमा विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनुका साथै आवश्यकताका आधारमा विस्तार गरिनेछ ।

१०.६.६ आर्थिक रूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्वपीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका छोराछोरीलाई उनीहरूको अवसर लागत (Opportunity Cost) लाई समेत दृष्टिगत गरी छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

**नीति १०.७ आधारभूत शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवं शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी गुणस्तर अभिबृद्धि गर्ने ।**

१०.७.१ मुलुकभर सञ्चालनमा रहेका आधारभूत विद्यालयहरूलाई विद्यालयहरूको अवस्थिति, जनसंख्या वितरण, भौगोलिक अवस्था र सामाजिक न्याय हेरी नक्शांकनका आधारमा समायोजन गरिनेछ ।

१०.७.२ सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरिनेछ ।

१०.७.३ बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।

**नीति १०.८ नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा, नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रुपमा व्यवस्थापन गर्ने ।**

१०.८.१ आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई पढाइको माध्यम बनाइनेछ । साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने व्यवस्था गरिनेछ ।

१०.८.२ मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरू (विद्युतीय सामग्रीहरू समेत) तयार गर्न प्रादेशिक तथा स्थानीय सरोकारवाला तथा विज्ञहरू परिचालन गरी निर्माण, छपाइ, वितरण, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

१०.८.३ स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१०.८.४ नेपाली भाषाको शिक्षणलाई प्रबर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिनेछ तर बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धतिलाई प्रोत्साहित गरिनेछ ।

१०.८.५ गणित, अंग्रेजी भाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरूमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित स्थानीय तह तथा विद्यालयहरूलाई सोको लागि सक्षम बनाइनेछ ।

१०.८.६ मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिइनेछ ।

१०.८.७ नेपालका मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

### (ग) माध्यमिक शिक्षा

**नीति १०.९ माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने ।**

१०.९.१ कक्षा ११ र १२ लाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्न हाल सञ्चालनमा रहेका शून्य जोड दुई (०+२) कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थालाई निश्चित समयावधिभित्र माध्यमिक शिक्षा (कक्षा ९-१२) वा आधारभूतसहितको माध्यमिक शिक्षा (कक्षा १-१२) सम्म विस्तार गर्ने वा उच्च शिक्षाको मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

१०.९.२ विज्ञान, संगीत, खेलकुद, आयुर्वेद, जडिबुटी लगायत विभिन्न विधाका विशिष्टिकृत माध्यमिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१०.९.३ विशेष प्रयोजनका लागि सञ्चालित विद्यालयहरू जस्तै सैनिक विद्यालय, प्रहरी विद्यालय, साझेदारी विद्यालय, प्रतिष्ठानबाट सञ्चालित विद्यालय, सहकारी विद्यालय गैरसरकारी विद्यालय आदिको सञ्चालन तथा व्यवस्थापनमा समन्वय गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। त्यस्ता विद्यालयले समेत अनिवार्य रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिनेछ ।

१०.९.४ माध्यमिक तहका कक्षाहरूमा अङ्ग्रेजी वा नेपाली वा दुबै भाषाका माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति १०.१० माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।**

१०.१०.१ माध्यमिक शिक्षा प्राप्त गर्न चाहने सबैका लागि निःशुल्क माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्न उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.१०.२ माध्यमिक शिक्षा अन्तर्गत कक्षा नौ र दशमा स्वेच्छिक रुपमा व्यावसायिक शिक्षा लिन पाउने व्यवस्था गर्नुका साथै माध्यमिक शिक्षा अन्तर्गत दश कक्षा पूरा गरिसकेपछि प्राविधिक तथा व्यावसायिक सीप विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१०.३ माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, पठनपाठन प्रक्रिया, सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गरिनेछ ।

१०.१०.४ माध्यमिक शिक्षामा विज्ञान तथा प्रविधि शिक्षाको अवसर विस्तार गर्न सुविधासम्पन्न राष्ट्रिय विज्ञान विद्यालय सञ्चालन गरिनेछ ।

(च) अनौपचारिक, जीवन पर्यन्त, परम्परागत र खुला शिक्षा

**नीति १०.२६ राष्ट्रिय पुस्तकालयहरूको क्षमता अभिबृद्धि गर्दै सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने ।**

१०.२६.१ देशभरी सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी तिनीहरूको संरक्षण, सुदृढीकरण एवं विकास गर्ने र पुस्तकालय तथा वाचनालयको पहूँच नपुगेका स्थानमा योजनाबद्ध रूपमा विस्तार गर्दै लगिनेछ ।

१०.२६.२ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको तथ्याङ्क अद्यावधिक गरी स्पष्ट मापदण्डका आधारमा तिनीहरूको बर्गीकरण गर्ने तथा स्थानीय, प्रदेश र संघीय सरकारको ब्यबस्थापन, लगानी र रेखदेखमा संचालनको ब्यबस्था मिलाइनेछ ।

१०.२६.३ प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ ।

१०.२६.४ पुस्तकालयलाई जनोपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउँदै लैजाने एवं यस्ता पुस्तकालयबाट स्थानीय तहका सबै वडाहरूमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ ।

१०.२६.५ आधारभूत तहदेखि उच्च शिक्षासम्म सबै शैक्षिक संस्थाहरूमा पुस्तकालय विकास, व्यबस्थापन तथा सञ्चालनको मापदण्ड तयार गरी पर्याप्त सन्दर्भसामग्री सहितका पुस्तकालयहरू स्थापना गरिनेछ ।

१०.२६.६ आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकता अनुसार विस्तार तथा सुदृढीकरण गरिनेछ ।

(छ) समावेशी र विशेष शिक्षा

**नीति १०.२८ अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने ।**

१०.२८.१ अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको “विशेष विद्यालय” सञ्चालन गरिनेछ ।

१०.२८.२ अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिनेछ ।

१०.२८.३ अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिनेछ ।

१०.२८.४ साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि) को समुचित प्रबन्ध गरिनेछ ।

१०.२८.५ सबै प्रकारका अपाङ्गता भएका बालबालिकहरू (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर र बोलाई अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजम अपाङ्गता र बहु अपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमता अनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ ।

१०.२८.६ सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइनेछ ।

१०.२८.७ अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीमा विविधीकरण गरिनेछ ।

१०.२८.८ सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गरिनेछ ।

१०.२८.९ अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइनेछ ।

**नीति १०.२९ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गर्ने ।**

१०.२९.१ विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाती, सीमान्तकृत र लोपोन्मुख समुदायहरूको वाहुल्यता भएका विद्यालयहरुमा समुदायको भाषा र पृष्ठभूमि बुझ्ने शिक्षकको व्यवस्था गर्न प्राथमिकता दिइनेछ ।

१०.२९.२ विद्यालयमा महिला शिक्षकको सहभागिता वृद्धि गर्न विद्यमान आरक्षण तथा सकारात्मक विभेदका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

१०.२९.३ दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछि परेका समुदाय तथा क्षेत्र, विशेष प्रतिभावान् व्यक्ति र विशिष्टीकृत

विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि सङ्घ, प्रदेश वा स्थानीय तहले पूर्ण वा आंशिक लगानी गरी शिक्षाको प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।

१०.२९.४ विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व अभिबृद्धि गर्न क्षमता विकासमा जोड दिई प्रधानाध्यापक नियुक्तिमा महिलालाई प्राथमिकता दिइने व्यवस्था अवलम्बन गरिनेछ।

१०.२९.५ निश्चित समूहका सबैलाई दिने गरिएको विद्यमान छात्रवृत्ति व्यवस्थालाई पुनरावलोकन गरी गरिब तथा विपन्न केन्द्रित बनाउँदै लगिनेछ। निजी विद्यालयहरुमा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीले पनि उच्च शिक्षाको छात्रवृत्तिको आरक्षण सिटमा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिनेछ।

१०.२९.६ शिक्षाका सबै तहमा (प्रारम्भिक बालविकासदेखि उच्च शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म) समावेशीकरण सम्बन्धी मुद्दा पहिचान गरी त्यसको उचित सम्बोधन गरिनेछ।

१०.२९.७ सरकारी छात्रवृत्ति तथा विदेशी सरकारले नेपाललाई उपलब्ध गराउने छात्रवृत्ति सार्वजनिक अथवा सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई प्रदान गर्न प्राथमिकता दिइनेछ।

१०.२९.८ आर्थिक रूपले विपन्न, दुर्गम क्षेत्र र मानव विकास सूचकाङ्कमा पछि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिँदै स्टेसनरी, दिवा खाजा र पोशाक स्थानीय तहले नै क्रमशः निःशुल्क उपलब्ध गराउँदै जाने व्यवस्था मिलाइनेछ।

१०.२९.९ बालबालिकामा छुवाछुतका कारण हुने मनोवैज्ञानिक प्रभाव र भेदभावलाई अन्त गर्न विद्यालयमा छुवाछुत प्रथा पूर्ण रूपमा उन्मूलन गर्दै सबैलाई समान व्यवहार र सिकाइमा समान अवसर प्रदान गर्न विद्यालय तथा शिक्षकहरूलाई पूर्ण जिम्मेवार बनाइने छ।

**५. नीति कार्यान्वयनको जिम्मेवारी**

राष्ट्रिय शिक्षा नीतिको लक्ष्य तथा उद्देश्यहरूको अधीनमा रही नीति, रणनीति र कार्यनीतिमा उल्लेख भएका विषयहरूका साथै प्रदेश र स्थानीय तहले थप रणनीति र कार्यनीतिहरू आ-आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । संघीय ढाँचामा नीति कार्यान्वयनको जिम्मेवारी निम्नानुसार हुनेछ :

**६. संस्थागत व्यवस्था र आर्थिक पक्ष**

राष्ट्रिय शिक्षा नीति, २०७६ कार्यान्वयनका लागि आवश्यकता अनुसार संस्थागत संयन्त्र र संगठन संरचनाको व्यवस्था गरिनेछ । नीतिगत संरचनाको रूपमा विश्वविद्यालय तथा उच्च शिक्षा परिषद, राष्ट्रिय शिक्षा परिषद्, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्, शिक्षक सेवा आयोग, मदरसा/गोन्पा/गुरूकूल परिषद्/बोर्ड लगायतका संयन्त्रहरू स्थापना गरिनेछ । संघीय तहको अतिरिक्त प्रदेश र स्थानीय तहमा पनि आवश्यक संयन्त्रहरू स्थापित गरी तत् तत् तहका कानूनी व्यवस्थाभित्र रही त्यस्ता संरचनाहरू सञ्चालित हुनेछन् ।

शिक्षामा लगानीको प्राथमिकताका दृष्टिले तीनवटै तहका सरकारको भूमिका महत्वपूर्ण रहनेछ । यो राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले स्रोत व्यवस्था गर्नेछन् ।

**७. कानूनी व्यवस्था**

राष्ट्रिय शिक्षा नीति, २०७६ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ :

(क) प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि शिक्षा ऐन, २०२८ को प्रतिस्थापन गर्ने कानून तर्जुमा गरी लागू गरिनेछ ।

(ख) विद्यार्थी वित्तीय सहायता तथा छात्रवृत्ति व्यवस्थापन, बैदेशिक शैक्षिक

कार्यक्रम, शैक्षिक परामर्श सेवा, बैदेशिक अध्ययन अनुमति पत्र लगायतका विषयमा आवश्यक कानूनी व्यवस्था मिलाइनेछ ।

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन, व्यवस्थापन एवं नियमनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ तथा सोको नियमावली प्रतिस्थापन गर्ने कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(घ) उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि साविकको विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० लाई सुदृढीकरण गरिनेछ ।

(ङ) प्रदेश र स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि तत् तत्तहका सरकारबाट कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(च) यो नीति कार्यान्वयनका लागि आवश्यकताअनुसार नियमावली, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ

## ८. अनुगमन तथा मूल्याक्तन

राष्ट्रिय शिक्षा नीति, २०७६ को कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्नेछ । त्यसैगरी राष्ट्रिय शिक्षा विभाग, राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र लगायतका निकायहरूले आ-आफ्नो क्षेत्राधिकार भित्र रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्नेछन् । केन्द्रीय सरकारका अतिरिक्त प्रत्येक स्थानीय तह र प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयले क्रमशः आफ्नो स्थानीय तह र प्रदेश क्षेत्रभित्रको नीति कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्नेछन् ।

With Financial Support

Interpedia

Ministry for Foreign Affairs of Finland


Loo Niva Child Concern Group

Lalitpur Metropolitan City-25, Lalitpur, Nepal

G.P.O 8975, EPC 2127, Kathmandu

Phone: 977-01-5592054/5591426

Email: info@loonivachild.org.np

www.loonivachild.org.np

https://fb.com/loonivachild

www.youtube.com/loonivachild